# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



वि.सं. २०२२ सालमा नेपालमा प्रथमपटक ऋषिनी प्रव्रज्या भएका बालिकाहरू
(बाँयातर्फ छेउमा बसिरहेकी) मन्दिरा ताम्राकार, (दायाँतर्फ छेउमा बसिरहेकी) पूण्यलक्ष्मी कंसाकारका साथमा
बीचमा बसिरहनुभएका बर्मी भिक्षु धम्माबुद्ध (धम्मवती गुरुमांका गुरु), (दायाँतर्फ उभिरहनु भएकी) दोगुणवती गुरुमां र
(बायाँतर्फ उभि[illegible]म्मवती गुरुमां

वर्ष-२७, अङ्क-५ DHARMAKIRTI बु.सं. २५५३, यँया: पुन्हि

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षको लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## ■ विषय-सूचि ■


| क्र.सं. | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- बुद्धको स्वतन्त्र चिन्तन | - | २ |
| ३. | कौमारभृत्य | - सत्यनारायण गोयन्का | ३ |
| ४. | धम्मपद-२२४ | - रीना तुलाधर (बनिया) | ५ |
| ५. | बुद्धशासनको इतिहास-११ | - भिक्षु अमृतानन्द | ६ |
| ६. | केही बौद्ध विश्वासहरू...११ | - ले.के श्रीधम्मानन्द, अनु. बरदेश मानन्धर | ७ |
| ७. | योगी | - नरेन्द्रनाथ भट्टराई | ८ |
| ८. | कौवाको पूजा | - केशर शाक्य | ९ |
| ९. | योग अभ्यास विधि-भाग ४७ | - डा. गोपाल प्रधान | ११ |
| १०. | शाक्यहरूको चिनापर्चा | - हर्षमुनि शाक्य | १२ |
| ११. | दण्डहीन र अराजकता नियन्त्रणको लागि बुद्ध शिक्षा | - शिशिल चित्रकार | १४ |
| १२. | नारी | - लक्ष्मीदेवी डंगोल | १६ |
| १३. | सुख शान्ति पाउँन दुर्लभ छ | - गौतम "शिशिर" | १७ |
| १४. | बुद्ध धर्मय् ब्वयात:गु पतन व उत्थान जुइगु संस्कृतित | - विजयलक्ष्मी शाक्य | १८ |
| १५. | समाज सुधारया ज्या ऋषिणी प्रव्रज्या | - वीर्यवती | २० |
| १६. | अनित्य जीवन | - सुभद्रा स्थापित | २० |
| १७. | मैत्री केन्द्र बाल आश्रमलाई सहयोग | - | २० |
| १८. | धर्मकीर्ति विहार-गतिविधि | - | २१ |
| १९. | धर्म प्रचार-समाचार | - | २३ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्युगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**4th SEPTEMBER 2009**


| वर्ष– २७ | अङ्क– ५ | यैयाः पुन्हि | भाद्र २०६६ |
|---|---|---|---|





निरोगी हुनु जस्तो ठूलो लाभ अरू छैन। सन्तुष्ट हुनु जस्तो ठूलो धन अरू छैन। विश्वासीलो (इमान्दार) व्यक्ति जस्तो ठूलो "बन्धु" अरू छैन। निर्वाण जस्तो ठूलो सुख अरू छैन।

भोकले पिडित भएर बस्नु पर्ने जस्तो ठूलो रोग अरू छैन, संस्कार जस्तो ठूलो दुःख अर्को छैन, यथार्थ भावले यसको कारण बुझ्ने अवस्थामा प्राप्त हुने निर्वाण जस्तो ठूलो सुख अर्को छैन।

विजयी बन्ने व्यक्तिको पछाडी शत्रुहरू खडा भइसकेका हुनेछन्, पराजित व्यक्तिको पछाडी दुःखको अनुभव हुनेछ भने विजय र पराजय त्यागी शान्त स्वभावमा जिउन जान्ने व्यक्तिले नै सुखपूर्वक सुत्न पाउने छ।


प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

| | |
|---|---|
| बुद्ध सम्वत् | २५५३ |
| नेपाल सम्वत् | ११२९ |
| इस्वी सम्वत् | २००९ |
| विक्रम सम्वत् | २०६६ |

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |

■ सम्पादकीय ■

# बुद्धको स्वतन्त्र चिन्तन

बुद्ध शिक्षाको देन धेरै छन् । ती देन मध्ये एउटा उल्लेखनीय स्वतंत्र चिन्तन हो । मानव समाजको विकासको निमित्त स्वतंन्त्र चिन्तन अति आवश्यक छ । गौतम बुद्ध शान्तिका मार्ग प्रदर्शक हुनु हुन्थ्यो, उहाँले कुनै पनि साम्प्रदायिक धर्म प्रचार गर्नु भएको थिएन । उहाँले सबैभन्दा पहिला दिनु भएको उपदेश धर्मचक्र नामले प्रसिद्ध छ । उहाँको उपदेश र शिक्षा भनेको वर्तमान जीवन शुद्ध र स्वच्छ होस् भन्ने हो । अर्को भाषामा भन्ने हो भने मानिस असल मानिस होस् भन्ने मात्र हो । वहाँ पहिला आफू बोध हुनुभयो, पहिले आफू शुद्ध संयमित र शान्त हुनुपर्ने उपदेश दिनु भयो । वहाँको शिक्षा अनुसार कुनै वस्तु वा धर्ममा आसक्त हुनु हुँदैन । कुनै पनि कुरामा आसक्त भएको खण्डमा त्यस प्रति पूर्वाग्रह रहन जाने पनि डर हुन्छ । त्यस्ता पूर्वाग्रहबाट झगडा शुरू हुने हुन्छ । यस्ता धर्ममा साम्प्रदायिक लक्षण देखापर्छ । उहाँले एकपटक भिक्षुहरूलाई यसरी भन्नु भएको थियो । "कुल्लुपमं वो भिक्खवे धम्म देसिस्सामि तरणत्थाय नोग्रहणत्थाय" अर्थात-भिक्षुहरू तिमीहरूलाई म जुन धर्म बताउँदैछु, त्यो दुःखबाट मुक्त हुनको लागि हो । त्यसलाई समातिराख्नलाई होइन । डुंगाको उपमा दिएर धर्मको कुरा बताउँछु । मानिसको लागि डुंगाले नदी पार गर्नलाई काम दिन्छ । तर कामदिने भन्दैमा डुंगालाई नै कांधमा बोकेर हिंड्नु उचित होइन ।

एकचोटि गौतम बुद्ध कालामी ब्राह्मणहरूको गाउँमा जानुभएको थियो । त्यहाँका कालामहरूले बुद्धसंग सोधे-श्रमण गौतम ! हाम्रो गाउँमा थरीथरीका साधु महात्माहरू आउँदैछन्, प्रवचन दिन्छन् र आ-आफ्ना सिद्धान्तको व्याख्या गर्छन् । अनि अरूको खण्डन पनि गर्छन् । तिनीहरू सबैको सिद्धान्त राम्रो लाग्छ तर कसको सिद्धान्त र कुरा ठीक हो, भनेर छुत्याउने कार्यको लागि हामी अलमलमा परेका छौं । के गर्ने हो बताईदिनु हुन्छ कि ?

गौतम बुद्धले भन्नुभयो- सुनेको कुराको भरमा विश्वास नगर्नु, परम्पराको कुरामा पनि विश्वास नगर्नु, धेरै मानिसले मानेको कुरा भनेर सत्य असत्य नछुत्याई पत्याउने नगर्नु । केवल आफ्नो मतको धर्मग्रन्थमा छ भनेर पनि विश्वास नगर्नु । तिम्रो धर्म गुरूहरूले भनेको भनि शिरोपर पनि नगर्नु । (बुद्धले भनेको भन्दैमा पनि एकैचोटी विश्वास नगर्नु) तिमीले आफ्नो स्वतंन्त्र बुद्धिले (बौद्ध, हिन्दु क्रिश्चियन, मुश्लिम आदि, बुद्धिले होइन) विचार गरी हेर्नु । तिम्रो विवेक बुद्धिले के देख्यो र बुझ्यो, केवल तिमी एक्लैलाई मात्र हितहुने दृष्टिले हेर्ने होइन कि धेरै मानिसको हितहुने होकि होइन बहुजन कल्याण कारी हुने खालको भए मात्र विश्वास गर्नु ।

पछि गौत्तम बुद्धले भन्नु भएको छ । त्यस्ता-कुरा बुद्धले नै भनेको किन नहोस् । सुनारले सुनलाई राम्रोसंग जाँचेर कसौटीमा घोटेर आगोमा पोलेर हेरिसके पछि मात्र असल सुन हो भनेर स्वीकारे झैं कसैको कुरामा आफ्नो स्वतन्त्र चिन्तन रूपी कसौटीमा घोटेर मात्र स्वीकार्नु पर्छ । कागले कान लग्यो भन्ने वित्तिकै आफ्नो कान नछामी कागको पछि पछि दगुर्नु मूर्खतापूर्ण कार्य हुनेछ । त्यसैले हामीले सदैव आफ्नो विवेक बुद्धीलाई अघि सारेर मात्र काम गर्नु बुद्धिमानी हुनेछ ।



Downloaded from http://www.dhamma.digital

# कौमारभृत्य

■ सत्यनारायण गोयन्का

भारतको जनपदहरूमा गणिकाको परम्परा पुरानो होला तर राज्यले कसैलाई सर्वश्रेष्ठ सुन्दरी घोषणा गरेर जनपदकल्याणीको पदमा स्थापित गर्नु र राज्यको तर्फबाट उनको एक रातको मूल्य निर्धारण गर्नुबाट यस्तो लाग्छ कि यो २५०० वर्ष अगाडिको भारतको आफ्नो विशेषता थियो । अनेक जनपदहरूमा जनपदकल्याणीको पद जनपदको लागि शोभा मानिन्थ्यो यो गर्वको विषय थियो ।

राजगृहको निगमपति जब पहिलो पल्ट छिमेकी देशको वैभवशाली राजधानी वैशाली गएर आयो उसलाई त्यहाँको दुई कुराले ज्यादै आकर्षित पार्‍यो । एक त त्यहाँको ७,७७० राजाहरूको ७,७७० राजमहल, त्यति नै भवनहरू, बगैंचा, तलाव, पोखरी । यी सबैले वैशालीको भौतिक वैभवलाई उच्च तुल्याई दिएको थियो । अर्को परम सुन्दरी जनपदकल्याणी अम्बपाली, जस्को कारणले वैशाली आफ्नो विलास वैभवको लागि प्रसिद्ध भएको थियो ।

विम्बिसारले जब यी सबै ब्यहोरा सुने उनलाई पहिलो क्षेत्रमा प्रतिद्वंद्धिता गर्नु असंभव लाग्यो, किनकि राजगृहमा एकतन्त्र शासन थियो । एउटै राजा थियो । उनले आफ्नो लागि र आफ्नो परिवारको लागि आखिर कतिवटा महल बनाउन सक्थ्यो र ? जबकी वैशाली गणतन्त्र थियो, त्यहाँ ७,७७० राजाहरू थिए । राज्यको सम्पत्ति ७,७७० राजाहरूमा बाँढिएको थियो । एक राजाको एउटा-एउटा निवासगृह भएपछि यति धेरै महल, भवन, बगैंचा र पोखरी हुनु स्वाभाविक थियो । राजगृहमा यस्तो हुनु असंभव थियो । परन्तु जनपदकल्याणी स्थापना गर्न सकिन्थ्यो । यस क्षेत्रमा ऊ वैशालीसित प्रतिस्पर्धा गर्न सक्दथ्यो ।

अत: मगधको सर्वश्रेष्ठ सुन्दरी छानेर नगरगणिका बनाइ उनको मूल्य वैशालीको जनपदकल्याणीको भन्दा दुईगुणा बढी तोकिदिने निर्णय गर्‍यो । शालवती नामको एउटी कुमारीलाई छानियो, जो अम्बपाली जत्तिकै सुन्दरी थिइन् । उनलाई नृत्य, वाद्य, संगीतमा निपूर्ण बनाएर नगर शोभिनी घोषणा गर्‍यो । वैशाली राज्यले अम्बपालीको एक रातको मूल्य पचास मुद्रा तोकिएको थियो । मगध राजाले शालवतीको एक रातको मूल्य एकसय मुद्रा निश्चित गर्‍यो ।

विस्तार विस्तारै शालवती नगर दुलहीको रूपमा प्रसिद्ध हुँदै गइन् । केही समय पछि शालवती गर्भवती भइन् । यस कारणले आफ्नो व्यवसायमा हानी हुन्छ कि भन्ने डर उनलाई थियो । अत: बडो सतर्कता साथ गर्भकाल पूरा गरिन् र उनले एक पुत्रलाई जन्म दिइन् । आफ्नो व्यवसायमा नोक्सान नहोस् भनेर उनले आफ्नो पुत्रलाई परित्याग गर्ने निर्णय गरिन् । कठोर हृदयकी ती माताले आफ्नो पुत्र रत्नलाई धूलो फाल्ने टोकरीमा राखेर बाहिर गल्लीको छेउमा फोहरको थुप्रोमा फाल्न आदेश दिइन् । धाईले त्यसै गरिन् ।

बिहानीपख अभय कुमार राजा विम्बिसारको सेवामा जानको लागि त्यतैतिरबाट निस्क्यो । फोहरको थुप्रोमा कागहरू झुमिरहेको देख्यो । त्यहाँबाट कुनै शिशु रोएको आवाज आइरहेको सुने । उसले आफ्नो सेवकलाई हेर्न पठाए । फालिएको बालक फेला पर्‍यो । कागको आक्रमण हुँदा हुँदै पनि त्यो जीवित थियो । यो देखेर अभय कुमारले उसको नाम जीवक राखे र उसको उचीत पालन-पोषणको लागि आफ्नो महलमा ल्यायो । जीवकलाई राम्ररी पाल्यो । कुमारको पौष्यपुत्र भएको कारणले उसको अर्को नाम कौमारभृत्य राख्यो ।

ठूलो भएपछि जीवकले आफ्नो आमा बाबु को हुन् जान्न चाह्यो । तर अभयले आफू नै तिनको पिता रहेको र आमा को हुन् त्यसको बारेमा अज्ञात रहेको जानकारी दिए । एउटा मान्यता अनुसार शालवतीको कोखबाट जन्मेको जीवक अभयको नै पुत्र थियो । अभय, जीवकलाई गणिकाको पुत्र भनेर घोषणा गर्ने पक्षमा थिएन । त्यसैले उसले आमाको नाम लुकायो । अथवा यो पनि हुन सक्छ कि अभयलाई जीवकको आमा को हो भन्ने साँच्चिकै थाहा थिएन । जे होस् ऊ अभय राजकुमारको वास्तविक छोरा नभए पनि उसको पौष्य पुत्र त थियो नै । अत: महाराज विम्सिारको पनि पौष्य नाति भयो ।

जीवक ठूलो हुँदै गयो । उनले राजाको सम्पर्कमा आउने व्यक्तिहरू कुनै न कुनै विद्यामा निपूर्ण भएको पाए । गुणहीन व्यक्तिको त्यहाँ कुनै कदर नै हुँदैनथ्यो । त्यसैले उनले कुनै शीप सिक्ने निर्णय गरे । त्यस समयमा तक्षशिलाको विश्वविद्यालय ज्यादै प्रसिद्ध थियो । त्यहाँ धेरै प्रकारको विद्या सिकाउँथ्यो । अत: जीवक अभयकुमारलाई केही जानकारी नै नदिइकन तक्षशिला तर्फ लाग्यो । त्यहाँ उनले आयुर्वेद विषयका दिक्षा प्रमुख सित भेटे । आचार्यले युवक मेहनती देखे र उसलाई चिकित्सा शास्त्र पढ्ने अनुमति दियो ।

जीवक मेधावी र परिश्रमी पनि थियो । सात वर्षसम्म निष्ठापूर्वक चिकित्सा-शास्त्रको विद्या हासिल गरिरह्यो र साथ साथै त्यसको व्यवहारिक ज्ञान पनि प्राप्त गरीरह्यो । सात वर्षसम्म अध्ययन गर्दा पनि उनले यस विद्याको अन्त देखेन, ऊ अधैर्य भयो र यस विद्याको त अन्त नै छैन के गर्ने ? उसले आचार्यसंग प्रश्न गरे । आचार्यले उसको योग्यता जाँन्नको लागि भन्यो कि कोदाली लिएर यहाँ आसपासको एक योजन जमीन जाँचेर आऊ । यदि यस क्षेत्रमा कुनै अभैषज अथवा औषधिको गुण नभएको कुनै बोट पायौ भने उखेलेर ल्याऊ । जीवक हिंड्यो, उसले बताइएको सिमानाको जमीन जाँचेर हेऱ्यो । उसले कुनै पनि त्यस्तो बोट विरुवा पाएनन् जस्मा औषधिको कुनै गुण नहोस् । ऊ खाली हात फर्कियो र भन्यो सबै विरुवामा कुनै न कुनै औषधिको गुण विद्यमान छ । यो सुनेर आचार्य ज्यादै प्रसन्न भए । त्यो जीवकको परीक्षा थियो । ऊ त्यो परिक्षामा सफल भयो । शिष्यको परिपक्व योग्यता देखेर आचार्य सन्तुष्ट भयो । आचार्यले भन्यो "अब तिम्रो शिक्षा पुरा भयो, तिमी घर फर्कन सक्छौ । जुन तिमीले सिकेका छौ त्यसले आफ्नो जिविका राम्ररी चलाउन सक्छौ ।" आचार्य जान्दथ्यो कि जीवकसंग गुरु दक्षिणा दिनको लागि केही पनि छैन । त्यसैले प्रसन्न भएर आफ्नो योग्य शिष्यसंग कुनै दक्षिणा नमागीकन उल्टो उसलाई बाटो खर्च दिई बिदा गऱ्यो ।

जीवक मगध तर्फ लाग्यो, तर खर्च ज्यादै कम थियो । साकेत पुग्दा-पुग्दै खर्च सकियो । अझ लामो बाटो बाँकी थियो । अत: उसले केही दिन त्यहीं बसेर कुनै रोगीको उपचार गर्ने निर्णय गऱ्यो । शहरमा रोगीको खोजी गर्न निस्क्यो त उसले थाहा पायो कि साकेतको सेठको पत्नी टाउको दुख्ने रोगले पिडित छिन्, धेरै वैद्यहरूले उनको औषधि गरे तर कोही पनि सफल भएन । जीवक सेठको ढोकामा पुग्यो र द्वारपाललाई आफ्नो परिचय दियो र सेठानीको उपचार गरी दिने उत्सुकता देखायो । द्वारपालले भित्र गएर सेठानीलाई यो सूचना दियो । परन्तु द्वारपालसंग सोधेपछि जब सेठानीले आगन्तुक वैद्य युवक छ भनेर थाहा पाइन् उनी अक्मकिइन् । सेठानीले अविश्वस्त भएर भनिन्, "सात वर्ष पुरानो रोग हो । थुप्रै अनुभवी र वयोवृद्ध वैद्यले धेरै धन पारिश्रमिकको रूपमा लिएर गए र तर निको गर्नमा कोही सफल भएनं । यो युवक, अनुभवहीन मान्छेले के उपचार गर्ला ? व्यर्थ किन धन वरवाद गर्ने ?"

द्वारपालले जब यो कुरा जीवकलाई सुनायो, जीवकले भन्यो, "मलाई कुनै अग्रीम पारिश्रमिक नदेऊ । जब ठीक हुनेछ तब मात्र पारिश्रमिक देऊ र त्यो पनि जति दिन मन लाग्छ त्यति मात्र देऊ ।"

यो सुनेर सेठानीले जीवकलाई भित्र बोलायो । जीवकले रोग जाँच्यो र उपचारको लागि अंजुली भरी घ्यू माग्यो । उसले घ्यूमा केही औषधि मिलाए र त्यसलाई पकायो र सेठानीलाई उत्तानो पारी सुताएर नाकमा औषधि हाल्यो । घ्यू मुखको बाटो गरी निस्क्यो । सेठानीले त्यो कफदानीमा थुक्यो र नोकरलाई भन्यो, "यो कुनै भाँडोमा हाल्नु पछि केही काम आउला ।"

यो देखेर जीवक ज्यादै उदास भयो । जो सेठानीले यो फोहर घ्यू पनि पछि काममा लिन भाँडोमा राख्न लगाउँछ भने ऊ कतिको कँजुसी होला । उनी ठीक भए पनि मलाई के पारिश्रमिक देला र ? यो घ्यूमा मेरो महँगो औषधि परेको छ, त्यसको मूल्य पाउन पनि कठीन हुन्छ । सेठानीले जीवकको मनको भाव थाहा पायो । सेठानीले जीवकलाई सम्झाइन् कि, "म एक श्रेष्ठी-पत्नी हुँ, कुशल गृहिणी । किफायती र संयम हुनु स्वाभाविक छ । कुनै पनि कामलाग्ने वस्तु फ्याँक्नु हुँदैन । यो फोहोर घ्यू खानमा काम लाग्दैन तर नोकरहरूको खुट्टामा दल्न काम लाग्न सक्छ । बत्ती बाल्नमा काम लाग्न सक्छ । त्यसैले भाँडोमा राख्न लगाएको हुँ । तिमी चिन्ता नलेऊ । यदि म निरोगी भएँ भने तिम्रो पारिश्रमिकमा कमी आउने छैन ।"



Downloaded from http://www.dhamma.digital

उनको रोग निको भयो । सातवर्ष पुरानो रोग जीवकको एकै पटकको उपचारले निको भयो । सेठानी ज्यादै प्रसन्न भइन् । उनले जीवकलाई चार हजार मुद्रा दिइन् । आमा रोग-मुक्त देखेर छोरा, ज्यादै प्रसन्न भयो । उसले आफ्नो तर्फबाट जीवकलाई चारहजार मुद्रा दियो । सासु स्वस्थ्य भएको देखेर बुहारी ज्यादै प्रसन्न भइन् । उनले आफ्नो तर्फबाट जीवकलाई चार हजार मुद्रा दिइन् । श्रीमती स्वस्थ्य-प्रसन्न देखेर श्रेष्ठी हर्षीत भए । उसले जीवकलाई चार हजार मुद्रा मात्र दिएन, एक नोकर र एक नोकर्नी पनि दिएं र यात्राको लागि घोड-चढी बग्गी एउटा पनि दिए ।

यत्ति धेरै धन लिएर जीवक राजगृह फर्क्यो । आफ्नो शिक्षाको पहिलो कमाई पिता अभयकुमारलाई समर्पित गरेर नमस्कार गऱ्यो । अभय राजकुमार जीवक फर्केर आएको देखेर अत्यन्त प्रसन्न भयो र उसको प्रथम कमाई उसैलाई फर्काएर भन्यो "मेरो महलको छेउमै घर बनाएर बस ।" जीवक घर बनाइ बस्न थाल्यो । आफ्नो कमाईको केही अंश आफ्नो गुरुलाई पठायो ।

त्यस समयमा महाराज विम्विसारलाई भंगंदरको रोग थियो । महाराजले अभय राजकुमारसंग कोही असल वैद्यलाई जाँच गराउने सल्लाह गरे । कुमारले युवक जीवकद्वारा उपचार गराउने सुझाव दियो । महाराजले स्वीकृती दिए । जीवकले उपचार गऱ्यो र एक मात्रा औषधिले नै रोग निको भयो । महाराज प्रसन्न भए र पाँचसय नारीहरूलाई जीउभरी अलंकृत गरेर उतारिएको ती सबै आभुषण अलंकार जीवकलाई पुरस्कार स्वरुप दिए ।

जीवकले भन्यो, "तपाईंले मेरो उपचारको सम्झना गर्नुस्, यही मेरो लागि पर्याप्त छ ।"

महाराज खुसी हुँदै भने, "आजदेखि तिमीले मेरो र मेरो आवासको तथा भगवान बुद्ध र उनको भिक्षु संघको सेवा, चिकित्सा गर ।"

यसरी विम्विसारको पौष्य पुत्र जीवक भगवानको सम्पर्कमा आयो । त्यो बेलाको प्रसिद्ध भिषक महाभिषक भगवान बुद्धको सम्पर्कमा आयो । भगवानको सम्पर्कमा आयो त शुद्ध धर्मको सम्पर्कमा आयो । उसको भाग्य जाग्यो । उसको मङ्गल सिद्ध भयो । ■

(साभार- 'विपश्यना' २५४०, भाद्र २०५३, वर्ष १२, अङ्क ५)

# धम्मपद - २२३

■ रीना तुलाधर (बनिया) 'परियत्ति सद्धम्म कोविद'

**सेय्यो अयोगुलो भुत्तो-तत्तो अग्गिसिखू'पमो**
**यञ्चे भुञ्जेय्य दुस्सीलो-रट्ठपिण्डं असञ्ञतो**

अर्थ– दु:शील, दुराचारी भएर जनताले श्रद्धापूर्वक दान दिएको राष्ट्रपिण्ड खानु भन्दा रातो गरी पोलेको फलामको डल्लो खानु नै उत्तम हुनेछ ।

घटना– उपरोक्त गाथा भगवान बुद्धले वैशाली नगर को महावनमा बास गरी राख्नु भएको बेला वग्गु मुदातीरवासी भिक्षुहरूको कारणमा भन्नु भएको थियो ।

बुद्ध कालीन समयमा वैशाली देशमा अनिकाल परेको थियो । त्यस समयमा वैशालीको वग्गुमुदातीर नदी तिर वर्षावास बसेका भिक्षुहरूले भोजन प्राप्त गर्ने उद्देश्यले आफूहरूले मार्ग फल लाभ गरीनसकेको भएता पनि मार्ग-फल प्राप्त भएका भिक्षुहरू झैं गरेर अभिनय गरेर बसे । उत्तरी मनुस्स धर्म आफू सँग भएको दिव्य शक्ति नहुँदा पनि भएको जस्तै गरेर देखावटी गरे । ग्रामवासी मानिसहरूले अत: ती भिक्षुहरूमा श्रद्धा भाव राखी आफूहरूले कम खाएर पनि भिक्षुहरूलाई राम्रोसंग भोजन दान दिईरहे ।

वर्षावास सकिएपछि भिक्षुहरूको परम्परा अनुसार सबै तिरबाट आई भिक्षुहरू भगवान बुद्धकहाँ आएर दर्शन गर्न आए । वग्गुमुदातिर नदीनिर वर्षावास बसेका ती भिक्षुहरू पनि आए । तिनीहरू स्वस्थ र तन्दुरुस्ट देखिन्थे जब कि अरूतिरबाट आएका भिक्षुहरू दुब्लो, कमजोर देखिन्थे । भगवान् बुद्धले सबै भिक्षुहरूसँग कुराकानी गर्नु भयो र साथै वर्षावासको समयमा र राम्ररी भोजन खान पायो पाएन भनी जानकारी लिनु भयो ।

त्यतिबेला वग्गुमुदातिर नदीतिर बाट आएका भिक्षुहरूसँग भगवान बुद्धले "वर्षावासको समयमा भोजन प्राप्त गर्न कठिन भयो कि" भनेर विशेष सोध्नु भयो । तिनीहरूले जवाफ दिए कि तिनीहरूलाई भोजन प्राप्त गर्न केही कठिनाइ भएन ।

बुद्धलाई थाहा थियो ती भिक्षुहरूले कसरी भोजन प्राप्त गरे भन्ने कुरा । तर पनि उनीहरूलाई पाठ सिकाउनु पर्ने भएकोले फेरि सोध्नु भयो– "वर्षावास भरि बिना कठिनाई भोजन प्राप्त गर्न कसरी व्यवस्था गऱ्यौ त ?"

बुद्धको अगाडी कसले के ढाँट्ने आँट गर्न सक्छ र ? ती भिक्षुहरूले आ-आफूसंग नभएको मार्ग फल, ऋद्धि शक्तिको देखावा गरेको कुरा सत्य रूपमा भने । तब भगवान बुद्धले अनेक प्रकारले ती भिक्षुहरूलाई हप्काउनु भयो, सम्झाउनु भयो । त्यसपछि भगवान बुद्धले उपरोक्त गाथाभन्नु भयो ।

■

# बुद्धशासनको इतिहास–११

■ भिक्षु अमृतानन्द

### द्वितीय संगीतिपछि

दश वस्तुक विनय सम्बन्धि झगडा छिनेर थेरवादी महास्थविर भिक्षुहरूले संगायना गरेपछि विपक्षी भएका वृजिपुत्रक भिक्षुहरू मूल स्थविरवादी भिक्षु संघबाट अलग्ग भएर निस्के। निस्केर आफ्ना पक्षका भिक्षुहरू सबै भेला गराई प्रत्यन्त देशतिर गए। पछि यो विपक्षी भिक्षुहरूलाई सबै भेला गराई प्रत्यन्त देशतिर गए। पछि यो विपक्षी भिक्षुहरूलाई धर्म-विनयको कुरा राम्रोसंग नजान्ने मण्डली भन्ने राजाको सहायता प्राप्त भयो। यही राजाको संरक्षणमा वृजिपुत्रक भिक्षुहरूले धर्म संगायना गरे। अनेक तरहका भिक्षुहरू दस हजार जति एक ठाउँमा भेला भएर संगायना भएकोले यस संगायनालाई महासांघिक अथवा महासंगिक भनी कहलाए◆।

यस संगायनामा वृजिपुत्रक भिक्षुहरूले तथागतले देशना गर्नुभएको अर्थात् त्यस बेलासम्म महास्थविर परम्परा चली आएको त्रिपिटक ग्रन्थलाई उल्टापल्टा गरे। प्रथम संगीतिमा संग्रह गरी राखेको सूत्रको नाम पनि फेरे वर्गको नाम पनि बदले। विस्तृत गरीराखेको कुरालाई संक्षिप्त पारे, संक्षिप्त पारेको कुरा विस्तृत गरे। पर्य्याय देशित धर्मलाई निष्पर्य्याय देशित पारे। निष्पर्य्याय देशित धर्मलाई पर्य्याय देशित गरे। नीतार्थलाई नेर्य्याय पारे, नेर्य्यायलाई नीतार्थ गरे। त्यसकारण दीपवंश पञ्चम परिच्छेदमा यसो भनेको छ–

"महासंगीतिका भिक्खु विलोमकंसु सासनं।
भिन्तित्वा मूल संग्रहं अञ्ञं अकंसु संगहं॥
अञ्ञत्र संगहितं सुत्तं अञ्ञत्र अकरिंसुते।
अत्थं धम्मं च भिन्दिंसु निकायेसु च पञ्चसु॥
परियाय देशितं चापि अथो निप्परियायदेसितं।
नीतत्थंचेव नेय्यत्थं अजानित्वान भिक्खवो॥
अञ्ञं सन्धाय भणितं अञ्ञं अत्थं ठपयिंसुते।
ब्यञ्जनच्छाया ते भिक्खु बहुं अत्थं विनासयुं॥
छड्डेत्वा एकदेसं सुत्त विनय गम्भिरं।
पतिरूपं सुत्तविनयं तञ्च अञ्ञं करिंसुते॥
परिवारं अत्थुद्धारं अभिधम्मं छप्पकरणं।
पटिसम्भिदञ्च निद्देसं एकदेशञ्च जातकं॥
एत्तकं विस्सज्जेत्वान अञ्ञानि अकरिंसुते।
नामंलिङ्ग परिक्खारं आकप्पकरणीयानि च॥
पकतिभावं जहेत्वा तञ्च अञ्ञं अकंसुते॥"

तथागतको परिनिर्वाणदेखि एक सय वर्षसम्म निष्कलङ्क चली आएको निर्मल स्थविरवादी भिक्षु संघमा यसरी आचार्य मतको कारणबाट तथागतको परिनिर्वाणबाट एकसय बर्षपछि भेद निस्क्यो। अतएव बुद्ध वर्ष एकसय वर्षपछि बुद्धधर्ममा दुइ समूह भयो। मूल थेरवादी र त्यस बाट अलग्ग भएर निस्केको महासंघिक।

यो वृजिपुत्रक भिक्षु संघको बीचमा आचार्यमत निकाल्ने कुनचाहिँ हो भन्ने कुरा पालि साहित्यमा स्पष्ट देखिँदैन। महासंघिकहरूले गरेको संगायनामा को प्रधान भयो भन्ने विषयमा पनि केही थाहा छैन। वसुमित्र महास्थविरको अनुदित चीन भाषाको पुस्तकमा एक कारण देखिन्छ। त्यो यस्तो छ–

कनिष्क अधिराज्यको समयमा भएको वसुमित्र महास्थविरले रचना गरीराखेको 'निकायावलम्बन शास्त्र' भन्ने ग्रन्थको वर्णना लेख्ने परमार्थ महास्थविरले आफ्नो ग्रन्थमा महासंगीतिको पक्षमा प्रधान भिक्षु महादेव स्थविर हो भनी र उनी स्थविरले 'अवतंसक' र 'प्रज्ञापारमिता' नामक सुत्त पनि रचना गरे जसको कारण मूल स्थविरवादी निकायबाट छुटेर महासांघिक निकाय निस्क्यो भनी भनेका छन्।❁

यस सम्बन्धमा हुयेनसाँङ्गको यात्रा पुस्तकबाट पनि केहि कारण देखिन्छ। त्यसमा यसरी लेखेको छ–

परिनिर्वाणको एकसय वर्ष पछि महादेव भन्ने स्थविरले अरहत स्थविरहरूले स्वीकृत नगरेको ग्रन्थ रचना गऱ्यो। यसकारण महासंघिक दल निस्के। जापानको किमुरा पण्डितले 'महासांघिक निकायको मूल भिक्षु महादेव स्थयविर हो' भनी भन्यो।▲

*क्रमशः*

◆ सद्धर्म रत्नाकर परिच्छेद १२। ❁ भारतीय बौद्धाचार्या,पृ १–बुद्धदत्त महास्थविर।

▲ Early History of the spread of Buddhism and the Bddhist schools P.2-9



Downloaded from http://www.dhamma.digital

# केही बौद्ध विश्वासहरू...११

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

**भावना (ध्यान)**

धार्मिक सत्य प्राप्तिको लागि भावना वैज्ञानिक तरीका हो। मनको शुद्धिको लागि र आध्यात्मिक उन्नतिको लागि बौद्धहरूले प्रार्थनाको सट्टामा भावना अभ्यास गर्दछ। भावना अभ्यासद्धारा मानसिक विकास नगरीकन कसले पनि निर्वाण वा मुक्ति पाउन सक्तैन। मनलाई तालिम नगरिकन जतिसुकै पुण्य कार्य गरेता पनि ऊ अन्तिम लक्ष्य सम्म पुग्न सक्दैन।

स्वभावतः मनले धेरै छल गर्छ र मान्छेलाई खराव कार्य गर्न लगाउँछ। मनले मान्छेहरूलाई इन्द्रियहरूको दाश बन्न लगाउँद छ। आफ्नो मनलाई राम्रो तालिम दिइएन भने कल्पना र भावावेशले उसलाई सँधै नै खराबतिर लग्दछ। भावना अभ्यास गर्न जान्ने मान्छेले इन्द्रियको वंशमा जान लागेको आफ्नो मनलाई नियन्त्रण गर्न सक्छ। आज हामीले सामना गरिरहेका समस्या एवं गलतफहमीहरू मध्ये धेरै जसो अशिक्षित एवं असभ्य मनको कारणले नै हो। शारीरिक एवं मानसिक अस्वस्थताको समाधान भावना नै हो भन्ने कुरा स्पष्ट भइसकेको छ। उच्च रक्तचाप, मुटुको व्यथा, पेटको अल्सर, ग्यास्ट्रीक मष्तिक सम्बन्धी समस्या एवं मानसिक रोग जस्ता धेरै रोगहरूको कारण मानसिक नैरास्यता चिन्ता, दुःख, पीर, कठिनाइ एवं भय इत्यादि नै हुन् भन्ने कुरा विश्वका स्वास्थ विशेषज्ञ एवं विद्वानहरूले वताएका छन्।

जब 'म' भन्ने चेतना धेरै थाकेको हुन्छ, धेरै चिन्तित हुन्छ वा धेरै समयसम्म अति दुखित, हुन्छ तब शरीरमा समस्या देखा पर्दछ, ग्यास्ट्रीक, अल्सर, क्षयरोग र कार्य अस्थिरताको शुरूवात मानसिक एवं भावनात्मक गडवडीको कारणले हुन्छ। बच्चाहरूमा दाँत किराले खानु एवं आँखाले राम्ररी नदेख्नु प्राय गरी भावनात्मक गडवडीसँग सम्बन्धित रहन्छ।

यदि मान्छेहरूले हरेक दिनको केही मिनेट भावनाको अभ्यास गरेर आफ्ना इन्द्रियहरूलाई शान्त गर्न सकेमा यी रोग एवं गडवडी मध्ये धेरैलाई रोक्न सकिन्छ। बुझ्ने क्षमताको कमीले गर्दा नै धेरै व्यक्तिहरूले यसलाई विश्वास गर्दैनन् वा भावना अभ्यास गर्न धेरै अल्छि मान्छन्। त्यस्ता व्यक्तिहरूले भावना गर्नु समयको बरवादी मात्र हो भनी ठान्दछन्। हामीले सम्झनु पर्दछ कि यस विश्वका सवै ठूला आध्यात्मिक गुरूहरूले भावना अभ्यास गरेर नै जीवनका उच्चतम स्थान प्राप्त गरेका थिए। आज उनीहरूलाई लाखौं मानिसहरूले सम्मान गर्दछन् किनभने उनीहरूले भावनाको अभ्यासद्वारा प्राप्त गरेको परम ज्ञानद्वारा मानवताको अपार सेवा गरेका थिए। यो कुरा हामीले पहिले नै उल्लेख गरी सकेका छौं कि बुद्धले मनलाई विकास गरेर नै ज्ञान प्राप्त गरेका थिए। वहाँलाई सहयोग गर्ने कुन दैविय शक्ति थिएन। वहाँले भावना अभ्यास गरेर आफैले ज्ञानलाई पाउनु भयो। स्वस्थ मन र स्वस्थ शरीर हुनको लागि एवं जीवनका सुख पाउनको लागि हामीले भावना कसरी गर्ने भन्ने सिक्नु पर्दछ। आज हामी यस विश्वमा बाँचि रहेका छौं जहाँ शारीरिक र मानसिक रूपले धेरै कडा मिहेनत गर्नु जहाँ शारीरिक र मानसिक रूपले धेरै कडा मिहेनत गर्नु पर्दछ। कडा परिश्रम नगरीकन आधुनिक समाजमा मान्छेहरूलाई कुनै स्थान छैन। सबै क्षेत्रमा धेरै कडा प्रतिद्वन्दिता, प्रतिस्पर्धा भइरहेका छन्। जीवनका सवै क्षेत्रमा एकले अर्कोलाई जित्न खोजी रहेका छन् र मान्छेलाई कत्ति पनि आराम छैन। मन जीवनको केन्द्र विन्दु हो। यदी मनमा शान्ति र चैन छैन भने केही समय पछि नै सम्पूर्ण जीवन शक्ति हीन हुनेछ। स्वभावतः मान्छेहरूले इन्द्रियहरूलाई सन्तुष्ट पारेर आफ्ना दुःखलाई हटाउन खोज्छन्– उनीहरू मद्य पान गर्छन जुवा खेल्छन् गाउँछन्, र नाच्छन–सँधै नै यहीं भ्रममा उनीहरू जीवनको सच्चा सुख भोगी रहेका छन् इन्द्रियहरूलाई उत्तेजीत पार्नु आराम पाउनुको सही तरीका होइन। जति जति हामी काम सुख (भौतिक सुख) द्वारा इन्द्रियहरूलाई सन्तुष्ट पार्नु खोज्छौं त्यति त्यति नै हामी इन्द्रियहरूका दाश बन्ने छौं। हाम्रो सन्तुष्टीको लागि हाम्रा इच्छाहरूको कुनै अन्त नै हुने छैन। आराम पाउनुको सही तरीका मनलाई वसमा राखेर इन्द्रियहरूलाई शान्त पार्नु हो यदी हामीले आफ्नो मनलाई नियन्त्रण गर्न सक्छौं भने हामीले सवैलाई नियन्त्रण गर्न सक्ने छौं। जब मन पूर्ण रूपले नियन्त्रित र परीशुद्ध हुन्छ, तव हामी वस्तुहरूलाई वास्तविक रूपमा देख्ने छौं। जब मन परीशुद्ध हुन्छ यो मानसिक अशान्तिबाट मुक्त हुनेछ तब यसले अरू शारीरिक आँखाबाट देख्न नसक्ने धेरै कुराहरू देख्न सक्ने छ! र आखिरीमा हामीले आफ्नो मुक्ति एवं शान्ति र सुख पाउन सक्ने छौं। *क्रमशः*

# योगी

■ नरेन्द्रनाथ भट्टराई

मनुष्य जीवनको सर्वोच्च तहको अवस्था योग हो । यस्तो सर्वोच्च तहको व्यक्तिको स्थान केही लोभी, आडम्वरी, अल्छी धूर्तहरूले लिइदिएकोले यस्तो पवित्र अवस्थाप्रति नै मानिसमा घृणा उब्जन गएको हो । योगको अर्थ हो जोड । जो मानिस आत्मासँग जोडिएर बस्दछ उही योगी हुन्छ ।

कुनै हिन्दू देशको शासक परिवारकी एकजना केटी तीर्थयात्राको लागि गङ्गोत्री पुगेकी रहिछन् । त्यहाँ विभिन्न सन्त, महात्माहरूको सत्सङ्ग गर्ने सुअवसर पनि तिनलाई मिलेछ । योगको बारेमा कुरा सुन्दा ती केटीलाई पनि योगी बन्ने उत्कट अभिलाषा उठेछ । त्यहाँ एकजना त्रीदण्डी योगी कहाँ गएर ती केटीले सोधिन्-"मलाई पनि योगी हुन मन लाग्यो तसर्थ मलाई तपाईं दीक्षा दिनुहोस् ।" त्रीदण्डी स्वामीले सोध्नुभयो– "तिमी कुन परिवारकी र तिम्रो उमेर कति भयो ?" "म १८ वर्षकी भएँ, हिन्दू देशकी क्षेत्रीय कुमारी हुँ" भनिन् । तब स्वामीले भन्नुभयो– "तिमी तरूनी स्वास्नीमान्छेले योग लिनु हुँदैन, योगी बन्न मिल्दैन ।" यो कुरा सुन्ने बितिकै ती केटीले उत्तर दिइन्, "हेर्नुहोस् स्वामीजी ! तपाईले मलाई योगी हुन दीक्षा दिनु हुन्न भने म यही कुकुर-बाट (एउटा कुकुर जोगीको अगाडि सुतिरहेको थियो) दिक्षा लिन्छु । जसरी कुकुरले रातभरि जागा रहेर आफ्नो मालिकको घरभित्र चोरहरूलाई पस्न दिदैन, सधैं मालिकको रक्षा गर्न तत्पर भइरहन्छ त्यसैगरी म पनि आत्मारूपी मेरो मालिकलाई काम, क्रोध, लोभ, मोहरूपी चोरहरूबाट रक्षा गर्न सदैव जागा भएर बस्दछु, यही मेरो दीक्षा हुनेछ । गङ्गाको लहर र हिमालयका चुचुरा साक्षी छन् म योगी बन्दछु" यति भन्दै उनी योगी बनिन् ।

योगमा लिङ्ग, जाति, वर्ण, पेशा तथा उमेरको भेद हुँदैन । आफ्नो वास्तविक स्वरूपमा बस्नबाट बाधा दिने काम, क्रोध, लोभ, मोह अहंकाररूपी बाधाहरूबाट जो-आफूलाई रक्षा गर्ने कार्यमा लाग्दछ त्यही सच्चा योगको मार्गमा लागेको हुन्छ अनि जसले यी बाधकहरू उपर विजय प्राप्त गर्दछ त्यही सच्चा योगी हुन्छ । ■

१. भोक्ने इन्द्रियले भोक्ने इन्द्रियसँग मागेको भीख कदापी प्रेम हुँदैन । यो त वासनाको वेगमात्र हो, धोकामात्र हो । प्रेमको मतलब हो, त्यो र आफूमा एकता हुनु अर्थात् आफू मेटिनु त्यही हुनु ।

२. मैले यति कोशिस गरेर यो पदमा पुगें अब यति गर्न पाएमा अझ उच्च पदमा पुग्ने थिएँ भन्नु र मैले घरबार त्यागेर सन्यासी भएँ, अब यति गर्न सकेमा महात्मा हुने थिएँ भन्नुमा केही अन्तर छैन ।

३. अहंलाई अँगालेर गरिएको पुनै पनि कार्य चाहे त्यो धार्मिक नै किन नहोस् त्यस्ता कार्यले कहिल्यै कसैको पनि भलाई गर्दैन, बरू हानी नै गर्दछ ।

४. एउटै स्त्रीको शरीरलाई कामासक्त मानिसले कामिनीको रूप देख्दछ, सन्यासीले शव देख्दछ भने ब्वाँसो, स्याल, गिद्धले मीठो आहारा देख्दछ ।

साभार: परमात्माको दर्शन (चिन्तनधारा)

"केही नपाउँदा पनि [illegible], नाम र रूप (मन र शरीर) जगतमा ममता नराख्ने [illegible] नै सच्चा भिक्षु भनिन्छ ।"


[illegible]



Downloaded from http://www.dhamma.digital

# कौवाको पूजा

■ केदार शाक्य



उहिले नै कौवाहरूको यौटा देश थियो । कौवाहरूका राजाको नाम सुपत्त थियो । पटरानी सुफस्सा र सेनापति सुमुख थिए । एकदिन कौवाराजा सुपत्त आफ्नी रानीकासाथ आकाशमा उडिरहेको बेला छिमेकी देशका राजाको भान्छाघर माथि आईपुगे ।

भान्छामा मीठो मीठो पकवानहरू पाकी रहेको थियो । त्यसको वासना पनि आकाशमा फैलिइरहेको थियो । भान्छेले राजाको मनपर्ने माछा र अरू पकवानहरू तयारगरी राजाकहाँ लान तयार पारिरहेको थियो ।

रानी सुफस्सालाई मासु माछाको बासनाले औडाहा पाऱ्यो । राज भोजन खाने इच्छा जाग्यो । त्यो दिन त उनले केही पनि भनिनन् । भोलिपल्ट पनि राजाले भने रानी, आउ चारा खोज्न जाउँ । रानीले भनिन्: "प्रिय ! आज मेरो चारा खोज्न जाने मन छैन, हजुर सवारी होस् । मलाई अर्कै इच्छा लागिरहेको छ ।

राजाले रानीसित सोधे कस्तो इच्छा रानी ?

रानीले जवाफमा भनिन्: हिजो मलाई छिमेकी देशका राजाको भान्छाघर माथिबाट उडिरहँदा राज भोजनको वासनाले साह्है हैरान पाऱ्यो । त्यो भोजन नखाईकन मेरो प्राण रहला जस्तो छैन । त्यो राज भोजन खाने साह्है ठूलो इच्छा लागिरहेको छ ।


हेर रानी ! राजाको त्यो भोजन ल्याउने शक्ति मसँग छैन ! म के गरूँ ? राजाले विवस भएर भने । त्यसो भए महाराज म बाँच्न सक्तिन । रानीले भनिन् ।

त्यसपछि राजाले एक छेउमा बसेर विचार गर्न थाले । त्यही बेला कौवाहरूका सेनापतिलाई बताए । सेनापतिले राजाको कुरा सुनिसकेपछि भने: महाराज चिन्ता नलिनुहोस् । प्राणको बाजी लगाएर भए पनि म महारानीको इच्छा पूरा गर्नेछु ।

त्यसपछि सेनापतिले सिपाहीं कौवाहरूलाई भेला गरेर सबै कुरा बताए ।

आऊ भोजन लिन जाउँ भन्दै कौवाहरूलाई साथलिएर सेनापति छिमेकी राजाको देशतिर लाग्यो ।

उसले अर्को देशको राजाको भान्छाघरमा पुगेर सिपाहीं कौवाहरूलाई टोली टोली बनाएर ठाउँ ठाउँमा राख्यो । आफू चाहिं आठजना कौवाहरूलाई साथमा लिएर राजाको भोजन लाने बेला पर्खिंदै छानामाथि बस्यो । उसले कौवाहरूलाई भन्यो: म राजाको भोजन थाली झम्टेर भुइमा खसाई दिन्छु । थाली भुइमा खसेपछि मेरो ज्यान बच्ने



हिम्मत कसरी गरिस् ?

भान्छेको नाक भाँचि दिइस् । भातको भाँडा फुटाइदिइस् । आफ्नो ज्यान जोखिममा पारेर यस्तो काम किन गरेको ? तँलाई मेरो अलिकति पनि डर लागेन ?"

महाराज, हाम्रो कौवा राजा तपाईंको राज्यको सीमा नजिकै बस्नुहुन्छ । म उहाँको सेनापति हुँ । उहाँकी सुफस्सा नामकी पत्नीलाई तपाईंको राज भोजन खाने तीब्र इच्छा जाग्यो । आफ्ना राजा रानीको इच्छा पुरागर्ने प्रतिज्ञा गरी मैले त्यहीं आफ्नो जीवन बलिदान गरि यहाँ आएको हुँ । अब मैले उहाँको लागि तपाईंको राजभोजन पठाईसकें । मेरो मनोरथ पुरा भयो । म त्यो कौवा राजाले पठाएको दुत हुँ । मैले आफ्नो राजाको आज्ञा पालन गरें । यही कारण मैले भान्छेको नाक भाँची दिएँ । महाराज, अब मलाई जस्तो सजायँ दिए पनि मञ्जुर छ ।

छैन । तिमीहरूमध्ये चारजनाले माछा मासु चुच्चाले च्यापेर लानेछौ अनि राजा रानीलाई खुवाउने काम गर्नु ।

सेनापति खै त ? भनी राजा रानीबाट सोधनी भएपछि आउँदै छ भनिदिनु ।

उता भान्छे भोजन लिएर राज भवनतिर लाग्यो । कौवा सेनापतिले लौ है तिमीहरू तयार होउ भनी साथीहरूलाई इसारा गर्दै भान्छेको काँधमा गई बस्यो पंजा फैलाएर नग्राले भान्छेमाथि हमला गऱ्यो । भान्छेको नाकमा नंग्राले घाउ पाऱ्यो । पखेटा फैलाएर आँखा छोपि दियो ।

राजाले परैबाट यी सबै घटना हेरीरहेका थिए । राजाले भान्छेलाई भने अरे मुर्ख । भाँडा वर्तन छाडेर पहिले कौवालाई नै समात । भान्छेले पनि राजाले भनेजस्तै भाँडा वर्तन छोडेर कौवालाई झम्टेर समाए ।

छानामा बसेका अरू कौवाहरूले पनि भुइंमा पोखिएका भात अघाउञ्जेल खाए । कौवा राजा रानीलाई खुवाउन भनी लिएर गएको राज भोजन सिपाहीं कौवाहरूले आफ्ना राजा रानीलाई खुवाए । रानी कौवीको इच्छा पूरा भयो ।

भात लाने कौवाहरूका सेनापतिलाई राजाले आफ्नो अगाडि ल्याउने आदेश दिए । सेनापति कौवालाई राजाले सोधे ।

"तैंले मेरो भोजन भान्छेको हातबाट खोसेर लाने



राजाले कौवा सेनापतिको कुरा सुनेपछि विचार गरे । हामी मानिसहरूमा थुप्रै धन सम्पत्ति दिएर पनि आफ्नो लागि प्राणको आहुति दिने सेवक पाईंदैन । गाउँ नै बक्सिस दिंदा पनि राजाको लागि प्राणको आहुति दिने मानिस पाइँदैन । यो पंछी कौवा भएर पनि आफ्नो राजाको लागि प्राणको बलिदान दिइरहेको छ । बडो सत् पुरुष रहेछ । मधुर भाषी छ । धार्मिक पनि छ । यति विचार गरिसकेर राजाले प्रसन्न भएर कौवा सेनापतिको गुणको कदर गर्दै स्वेत छत्र ल्याउन लगायो । अनि कौवा सेनापतिको पूजा गरे ।

त्यस दिनदेखि राजाले कौवाहरूका लागि छुट्टै भोजनको व्यवस्था गरे । धर्मका कुराहरू सुनाउन लगाए । कौवाले आफ्नो देशका राजाको सेवामा इमान्दार भई जीवन अर्पण गरेको फल उसले यही जन्ममा पायो । यति मात्र हैन । उसले आफ्ना सजाति अरू कौवाहरूलाई पनि सेवा समर्पण पछि राजाको कोषबाट भोजनको हकदार बनाए । ■



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि - भाग ४७

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. **गोपाल प्रधान**
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योती समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं.: ४२२४०८५

## प्राणिक हिलिङ्गको मान्यता-८

चमत्कार परिवर्तन छ,
र परिवर्तन नै चमत्कार हो।
सम्पूर्ण चमत्कार परिवर्तनशील छ
र सम्पूर्ण परिवर्तन चमत्कार हो ॥

गत अङ्कमा प्राणिक-हिलिङ्ग एवं योगाभ्यास गर्न गराउन अगाव गुरुको समउपस्थितिमा गर्न हुन अनुरोध गरेको थिएँ सोही अनुरूप योगाभ्यास गर्न अगाव पद्मासनमा बसेर ध्यान साधना गरे पश्चात् प्राणिक हिलिङ्ग एवं योगाभ्यासको शुरूवात गरेमा उत्तम परिणाम प्राप्त हुनेछ भन्नेबारे क्रमश: जानकारी प्रस्तुत गर्न लागेको छु।

"ध्यान साधनको प्रणाली सञ्चालन गर्न त्यही व्यक्ति मात्र सफल हुन सक्दछ जसको आन्तरीक गुणमा स्वच्छता र शुचिताको गुण विद्यमान हुन्छ, किनकि त्यसता व्यक्तिमा विवेबशिल र गुण विद्यमान हुन्छ, किनकी त्यस्ता व्यक्ति शारीरिक एवं मानसिक रूपले बलिया हुन्छन्। ज्योतिष शास्त्र र गणित शास्त्रको मतानुसार पनि यस विषमा उल्लेख गरेको पाइन्छ र यस्ता व्यक्ति चित्रकारीता, मूर्तिकारीता एवं कलाकारीतामा बढी सक्रिय भएको पाइन्छ।"

"ध्यान" शब्दको प्रयोग एकाग्रताको लागि गरिन्छ। तर प्राणिक-हिलिङ्ग एवं योगाभ्यासमा ध्यान शब्दको उपयोग जुन अर्थमा गरिन्छ त्यो हो उपचारको प्रारम्भिक चरण हो।

ध्यानबाट नै हामीलाई ज्ञान हुन्छ। हामी कति स्वस्थ हुन्छौं वा अस्वस्थ, यसै कारण प्राणिक-हिलिङ्ग, एवं योगाभ्यासमा ध्यानसाधनाको माध्यमबाट महत्वूर्ण मानवीय संभावनाहरूको ज्ञान प्राप्त हुन्छ। आरोपित गुणहरू पनि ध्यानद्वारा नै हामीमा निहित सम्पूर्ण सम्मोह (लोभ-लालसा) नष्ट भएर जान्छ। ध्यानबाट नै जीवनको उतार चढाव अलमलहरू समाप्त हुन्छ। ध्यानको अर्थ लगाउन सम्पूर्ण दु:ख, पिंडा, समस्या, चिन्ता समाप्त भई पूर्ण रूपले मुक्ति प्राप्त गर्नु हो।

यसै कारण ध्यान-साधनालाई प्राणिक-हिलिङ्ग एवं योगाभ्यासको प्रमुख अङ्गको रूपमा लिइन्छ। त्यस्तै योगासनलाई पनि प्राणिक हिलिङ्ग एवं योगाभ्यासको प्रमुख अङ्गको रूपमा लिइन्छ। प्राणिक-हिलिङ्ग एवं योगाभ्यासको माध्यमबाट जीवनलाई स्वस्थ बनाउन नियमित योग साधना र सही खान-पानमा ध्यान दिन आवश्यकता छ। योगद्वारा शरीरलाई मात्र स्वास्थ बनाउन मद्दत पुऱ्याउँदछ आजको तनाव पूर्ण जीवनमा र प्रदुषित वातावरणका कारण हामीलाई विभिन्न प्रकारको शारीरिक एवं मानसिक रोग लाग्न थालेको अवस्थामा योगको महत्व दिन दिनानु बढी रहेको छ। यसैकारण यदि तपाईंले पनि आफ्नो दिनचर्यामा योगाभ्यासलाई जोड्नु भएको छैन भने देखि तत्काल जोड्नु हुन अनुरोध गर्दछौं। प्राणिक-हिलिङ्ग एवं योगाभ्यास एक प्रकारका वैज्ञानिक पद्धति भएको कारण यदि तपाई आफ्नो दिन चर्यामा योगअभ्यास जोड्नु चाहनुहुन्छ भने देखि सर्वप्रथम योजना (प्लान) तयार गर्नुहोस् जसमा तपाई नियमितपालना गर्नेछु भनी संकल्प गर्नुहोस्। योजना अनुसार प्राणिक-हिलिङ्ग एवं योगाभ्यासको योगलाई हामीले दुई प्रकारको रूपरेखा तयार पारीएको छ। योगशास्त्र अनुसार योगको भरेका बाऱ्हओटा खुड्किलाहरू हुन्छन् भनी प्रस्तुत गरिएको छ र प्रत्येक खुड्किला पार गर्नु नै जीवनमा स्वास्थ्यता ल्याउने मार्ग भनिएको छ। यदि तपाईं प्राणिक हिलिङ्ग एवं योगाभ्यासको ज्ञाता बन्न चाहनु हुन्छ भने देखि एकपटक यस संस्थामा सम्पर्क गर्न अनुरोध गर्दछु। किनकि प्राणिक हिलिङ्ग एवं योगाभ्यासका लागि दिव्यज्योति समूह नेपाल नै एक मात्र आधिकारीक प्राप्त संस्था हो जहाँ तपाईंलाई प्राणिक-हिलिङ्ग एवं योगाभ्यासका ज्ञाता शिक्षकबाट प्रशिक्षा दिइन्छ।

■



Downloaded from http://www.dhamma.digital

# शाक्यहरूको चिनापर्ची

प्रस्तुतकर्ता– **हर्षमुनि शाक्य,** लगनटोल

शाक्यहरू को हुन् ? भारतको पौराणिक वंशावलीमा भगवान् रामचन्द्रको ४८ औं वंशलाई शाक्यहरूको नाउँ उल्लेख गरेका छन् ।

सुमङ्गल विलासीनी ग्रन्थमा र श्रीलंकामा लेखेको महावंशमा शाक्यहरूलाई ओक्काक वा इक्ष्वाकु वंशको नाम जोडिएको छ । विष्णुपुराणमा पनि यही कुरा लेखेका छन् । महावस्तुमा शाक्यहरूलाई आदित्यबन्धु भनेको छ। आदित्यबन्धु भनेको शाक्यहरू सुर्य वंश हुन् भनेको हो महावस्तुले शाक्यमुनि बुद्धलाई इक्ष्वाकु वंश भनेर लेखेको छ ।

इ.पु. ६०० को युनानी (ग्रिस) इतिहासकार हिरोदतसको भनाई अनुसार शकहरूलाई स्काई थिएन भनिन्छ ।

भारतका इतिहास संक्षिप्त रूपरेखा नामक पुस्तकमा बुद्धको जन्म इ.पु. ५६३ र इ.पु. ४८३ मा परिनिर्वाण इ.पु छैठौं शताब्दीतिर मध्यएसियाबाट उत्तर पश्चिम भारतमा शक (स्काई थिएन) हरू पुगेको भनेर लेखेको छ ।

## किरात वंशावलीको भनाई

किरात वंशावलीका प्रतिलिपिकार प्रेमबहादुर माब्बोहाङको भनाई अनुसार कलिगत सम्बत् २२४८ किरातवंशका राजा शंङहाङ्गको शासनकामा लेखेको किराँत वंशावलीमा मध्य एसियाबाट आएका शकहरू नै शाक्यहरू हुन्। कुषाण भनेका पनि शाक्यवंश नै हो। कुषाणहरूलाई कोषाण पनि भनिन्छ ।

## डा. प्रपन्नाचार्यको भनाई

डा. प्रपन्नाचार्यले लेखेको प्राचीन किरात इतिहासको भनाई अनुसार मध्य एसियाबाट हिमाल नाघी आएका शकहरूले भारतलाई आक्रमण गर्ने कुरा भारतको इतिहासमा लेखेका छन् । साकेतनगर (हालको अयोध्या) छोडेर कपिलवस्तुमा बसाई सरेपछि यिनीहरूलाई शाक्य भनी नामाकरण भएको हो ।

## चीनियाहरूको भनाई, चुङ-इन-रन-मिङ-यु-ई-श-ब्हा (चीन भारत मैत्री संक्षिप्त इतिहास)

प्रो. चिनखमुले लेखेको लोकगणराज्य मुद्रित सन् १९८४ मा चीनबाट प्रकाशन भएको पुस्तकको भनाई अनुसार इस्वी पूर्वदेखि प्रथमसम्म मध्य एसियाका विशाल क्षेत्रमा इण्डो स्काई थिएनहरूले शासन गरी राखेका थिए । भारतमा पनि यिनीहरूले नै कुषाण राजवंश पनि यिनीहरूले नै स्थापना गरेका हुन् । यिनीहरूलाई शक भनिन्छ । कपिलवस्तुका शासकहरू पनि कपिलवस्तुमा पुगिसकेपछि शाक्य भनी नामाकरण भएका हुन् । शक सम्वत्लाई नेपालमा शाके सम्वत् भन्ने चलन छ। शकहरू नै शाक्यहरू हुन् भन्ने प्रो. चीनखमुको भनाई हो । शाक्यहरूको पुर्खा मध्य ऐसियाबाट प्रवेश भएका एण्डो स्काई थिएनहरू नै हो भन्ने जोर दिएर भन्नुभएको छ ।

## शाक्य गणराज्य कपिलवस्तुको राज्य व्यवस्था

२० वर्ष भएका शाक्य युवकहरू शाक्य संघ (संथागार)मा अनिवार्य सदस्य हुनु पर्दथ्यो। कपिलवस्तुमा संथागार तीन तहका थिए। जस्तै: १. गाउँ, २. जिल्ला, ३. केन्द्रीय

केन्द्रीय: गाउँ जिल्ला र केन्द्रीय तहगत रूपमा कानुन लागू हुन्थ्यो ।

संथागारका सबै सदस्यहरूका कर्तव्य यसप्रकार थिए:

१. तन, मन, धन दिएर शाक्यहरूको स्वार्थलाई रक्षा गर्ने ।
२. संथागारले बोलाउने सभामा उपस्थित हुनुपर्ने ।
३. कुनै पनि शाक्यहरूको दोष अथवा गल्तीमा पश्चाताप नगरीकन नडराई खुलस्त रूपले भनिदिनु पर्ने ।
४. आफूलाई कसैले दोषारोपण गऱ्यो भने नरिसाइकन दोष स्वीकार्नु पर्ने ।

संथागारबाट बंचित हुने चारवटा कुराहरू:
क) व्यक्तिलाई दोष दिएमा ।
ख) कसैको हत्या गरेमा ।
ग) चोरी गरेमा ।
घ) झुठा साक्षी बेकेमा ।

संथागारको कुनै पनि सामूहिक निर्णयलाई सबै सदस्यले मान्नुपर्ने हुन्थ्यो। यदि नमानेमा दुई मध्ये एउटा कडा सजायँ दिने प्रावधान थियो। मृत्यु दण्ड अथवा देश निकाला।

## बुद्धकालीन षड्यन्त्र कार्यका अवस्था:

भारतीय दार्शनिक यस राधाकृष्णको भनाई र रूसका बौद्ध विद्वान ओल्डेन वर्गको भनाई अनुसार पनि शाक्यहरू प्रजातीय (एउटै मूल जाति भित्रका साना-साना जाति) को



Downloaded from http://www.dhamma.digital

बनौट हो । बुद्धकालीन भारतमा अन्य प्रजातिहरूको पनि प्रजातीय गणतन्त्र पद्धती अनुसार राज्य व्यवस्था चलाउने जस्तै मल्ल, लिच्छवी, ब्रिजी इत्यादिहरू । त्यसबेलाका उदयमान राजतन्त्रका लागि प्रजातीय गणतन्त्र खतरा भएकोले गणतन्त्र वादीहरूलाई समाप्त अथवा अन्त गर्ने प्रमुख काम राजतन्त्र वादीहरूबाट भइरहेको थियो । यो कुरालाई ध्यानमा राखी प्रजातीय वादीहरूले पनि आफ्नो सुरक्षाको लागि अष्टवृजि महासंघ स्थापना गरे ।

विश्वमा सबभन्दा पहिले संसदीय व्यवस्थामा लिच्छवीहरूको महासंघ हो ।

अष्टवृजि महासंघका सदस्यहरू यसप्रकारका छन्–

१. कपिलवस्तुका शाक्यहरू
२. सुम सुभार पर्वतका भागाहरू
३. केश पुताकाका कालामासहरू
४. रामग्रामका कोलिय शाक्यहरू
५. कुशीनाराका मल्लहरू
६. पावाका मल्लहरू
७. मिथिलाका विदेशीहरू
८. वैशालीका लिच्छवीहरू

**कपिलवस्तुका शाक्यहरूको पतनः**

गणतन्त्रवादी प्रजातिहरूको विरूद्धमा कोशल अधिराज्यले गरिरहेको हमला अभियानमा शाक्यहरू पनि पऱ्यो । बुद्धको जीवनकालमा नै शाक्यहरूलाई आक्रमण गरी यिनीहरूलाई भयानक हमला गरी हत्या गऱ्यो । कोशलका राजा विडडूभलाई शाक्यहरूले कपिलवस्तुमा दास पुत्र भन्यो भनेर बहाना गरी ७७ हजार कपिलवस्तुका शाक्यहरूको रगत बगाईदियो । अन्य प्रजातीय गणतन्त्रको पनि अन्त गरिदियो । अन्तमा महासंघका राजा अजातशत्रु भारतको चक्रवर्ती राजा भए ।

तर जे होस् यस घटना पछि शाक्यहरू कपिलवस्तुबाट बसाई सर्दै यता र उता जान थाले । अर्थ कथाले "सबै" को सट्टा "बाँकी रहेका" शाक्यहरू भन्ने शब्द प्रयोग गरी झण्डै जातक अर्थ कथाले दिए जस्तै दिएको छ । यसले यी शाक्यहरू विभिन्न समूहमा बाँडिएर पिप्पलीवन, राजगृह, वैशाली, बेदिसा आदि विभिन्न भेगमा गएको कुरा पनि बयान गर्दछ । मूलसर्बास्तिवाद विनय-संग्रहले मूलसर्बास्तिवाद विनय-संग्रह चाहीं जिनमित्रले सन् सातौं शताब्दीमा लेखेको र इसिङ (सन् ६७१-५९५) ले उल्था गरेको एउटा धर्मग्रन्थ हो । विनय-संग्रहको भनाई अनुसार भिक्षु आनन्दको परिवार र अरू शाक्यहरू काठमाडौं उपत्यका पनि आए ।

पिप्पली वनमा गएका शाक्यहरूले त्यहीं एउटा बस्ती बसाले । यो कुरा महावंशले दिएको छ । महावंशः यो ग्रन्थ श्रीलंका द्वीपको सबैभन्दा पुरानो र भरपर्दो ग्रन्थ मानिन्छ । यस ग्रन्थमा इ.पु. पाँचौ शताब्दीदेखि लिएर इसाको तश्रो शताब्दीसम्म जम्मा ८०० वर्षको बौद्ध घटनाको उल्लेख गरिएको छ । महावंशको भनाई अनुसार विड्डूभद्वारा कपिलवस्तु ध्वस्त पारिएपछि एक समूह पिप्पली वनमा गएका शाक्यहरूले त्यहीं एउटा बस्ती बसाले । त्यो इलाका मुजुरले भरी भराउ भएकोले नयाँ बस्तीको नाउँ यथा समयमा मोरिय अर्थात् मुजुरहरूको नगर भन्ने रहेको थियो । केही समयपछि मोरिय नगरमा आक्रमणकारीहरूले हमला गर्न आए । मोरिय नगर ध्वस्त पारियो । मोरियहरूका प्रमुखकी श्रीमती त्यहाँबाट भागेर पाटली पुत्रमा शरण लिन गइन् । त्यसबेला उनी गर्भवती थिइन् । यथा समयमा उनले छोरा जन्माइन् । त्यस बालकको ज्यान एक पल्ट चन्द्रा नाउँ गरेकी एउटी गाईले बचाइदिएको थियो । यसैले त्यस बालकको नाउँ चन्द्रगुप्त रह्यो । त्यस बालकको लालन पालन पछि एक जना गोठालोबाट भयो । त्यो गोठालोबाट त्यस बालकलाई चाणक्य नाउँ गरेको एक जना ब्राह्मणले किने । यी ब्राह्मण पाटलीपुत्रका नन्द राजाहरूको तखत उल्टाउने काममा दृढ संकल्पित थिए । यिनी वडा तीक्ष्ण बुद्धिका पनि थिए । यी नै ब्राह्मणको मद्दतले चन्द्रगुप्त मौर्य इ.पु. ३२१ साल ताका पाटलीपुत्रको गद्दीमा आसीन हुन सफल भए । यही चन्द्रगुप्त इतिहासमा चन्द्रगुप्त मौर्य नाउँले प्रसिद्ध भए तथा भारतका प्रथम सम्राट भनी नाम चल्यो । यिनको महारानी यिनकै मामाकी छोरी थिइन तथा आमाको कुलबाट पनि शाक्य वंशकी नै थिइन् । सम्राट अशोक यही चन्द्रगुप्तका नाती थिए । यसरी सम्राट अशोक शाक्य रगतका थिए । श्रीलंकाको सारत्थदिपनीमा अशोककी आमा धर्मादेवी पनि मोरिय शाक्य परिवारकी थिइन् भनेर किटान साथ लेखिएको छ ।

तिब्बतको विद्वान इतिहासकार लामा तारानाथले भन्नुभएको अनुसार चम्पारन थारूहरूको भूमि हो । थारू मै सम्राट अशोकको जन्म भएको थियो । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# दण्डहीन र अराजकता नियन्त्रणको लागि बुद्ध शिक्षा

■ शिशिल चित्रकार

देश समाजको दुरावस्था, अराजकता र दण्डहीन अवस्थाबारे निकै चर्चा परिचर्चा हुन थालेको छ र आज नेपालको अवस्था इतिहासकै सबै भन्दा खराब र निकै दयनीय अवस्थाबाट गुजरीरहेकोमा शायद कसैको विमती हुँदैनन् होला ।

देशको यावत क्षेत्रमा देखा परेका समस्याहरू निकै जटिल देखि साधारण पनि छन् तर यहाँ साधारण समस्याको पनि समाधान भएको देखिँदैन । यसरी समस्या माथि समस्या थपिँदै जानु तर समाधानको नाममा खाली व्यर्थको भाषणबाजी, नारा जुलुस, सभा, समारोह, बन्द हडताल आदिमात्र हुनाले झन् समस्या समाधान भन्दा टाढामात्र पुगिने देखिन्छ । आज समाजमा देखा परेका अस्तव्यस्त, अशान्ति, अराजकता, दण्डहीनताको अन्त्यकोलागि नेपाल र नेपालीमा सोच सामर्थ्य बाहुवलमा कमी आएको त होइन ? देखावटी सामर्थ्य, कोरा नारावाजी, एक आपसमा लडाउने र पछार्ने गलत प्रवृति तथामानवीय शोच शक्तिमा ऱ्हास आएबाट के सही समस्याको निराकरण गर्न सकिन्छ र ? सार्वजनिक प्रशासन, राजनीति, आर्थिक, स्वास्थ्य, न्यायिक, उद्योग ब्यापार व्यवशाय आदि कुनै पनि क्षेत्रमा लागेका व्यक्तिहरूमा नैतिकता, धार्मिकता, दक्षता, विश्लेशणात्मक क्षमता, पक्षपात नहुन गुण धर्म विना देश समाजमा दण्डहीनता आजकता र लुट प्रथा विकाश हुनमा आश्चर्य मान्नु पर्दछ ?

समाजमा हुने र नहुनेको बिचमा खाडल बढ्नु, भष्टाचार, अनीति बढ्नुमा व्यक्तिको चरत्रिको कस्तो भूमिका रहन्छ ? व्यक्तिको चरीत्रमा सुधार बिना देश समाजमा अनीति, अशान्ति, अराजकता, दण्डहिनतामा नियन्त्रणको कल्पना गर्नु पनि व्यर्थ हुन्छ । देश समाजको विकाश, शान्तिको लागि अराजकता, दण्डहिनतामा नियन्त्रण अत्यावश्यक छ । आज देशमा अराजकता, दण्डहीनता नियन्त्रणका उपाय बिना देश समाज विकाश असम्भव छ । यस कारण पनि देश समाज विकाशको लागि, अराजकता, दण्डहीनतामा नियन्त्रणका लागि व्यक्तिका चरित्र सुधार नै पहिलो आवश्यकता हो ।

नेपालमा थेरवाद पुर्नजागरणको करिव आठ दशकको गौरवमय इतिहासमा निकै सघर्षका घटनाहरू देख्न र पढ्न पाउँछौं । ती सघर्षका इतिहास र अझ त्यो भन्दा पूर्वकालमा ज्ञात अज्ञात व्यक्ति महानुभावहरूले ज जस्तो संघर्ष गरे त्यसको लागि हामी धर्मका अनुयायींहरूले नतमस्तक हुनु नै पर्दछ । अझ धर्मको ऋणी, तत् महानुभावहरूको ऋणको भागिदार हौ कि होइन ? विगतमा नेपालबाट थेरवाद बुद्ध धर्म नै लोप भइसकेको अवस्थामा विभिन्न किसिमले संघर्षको अवस्था पार गरी वर्तमान अवस्थामा आई पुग्नबाट अहिलेको पुस्ताबाट कस्तो किसिमले ऋण चुक्ता गर्नु पर्ने हुन् वा कस्तो जिम्मेवारी निभाउने पर्ने हुन ? आज देश समाजको भयावह अवस्थालाई मध्यनजर गर्दा धर्मको कस्तो भूमिका रहनुपर्ने हुन् वा धर्मावलम्वीहरूले कस्तो भूमिका निभाउने पर्ने हुन् ? देश समाजको अवस्था खराब भन्नु, राजनीति प्रशासन लगायत अन्य क्षेत्रमा समस्या छ भन्नु विभिन्न निकायहरूमा धर्मको पहिचान बिना कार्यक्रम हुन नीति निर्माण हुन, अनि देश समाज खराव अवस्थामा डुबेर बस्नु तर देशको राजनीति, प्रशासनमा धर्मको अभाव हुनु आफैंमा विरोधाभाष भएन र ? अर्को शब्दमा भन्नुपर्दा विगतमा राज्यमा थेरवादको पुनर्जागरणको लागि संघर्ष भए जस्तै आजको समाजको शान्ति, विकाशको लागि सार्वजनिक प्रशासन, राजनीति लगायत अन्य क्षेत्रमा धर्मको पहुँच पुऱ्याउने संघर्षको आवश्यकता होइन र ? वा यो संघर्ष नै विगतको ज्ञात अज्ञात महानुभावहरू प्रति सच्चा श्रद्धाञ्जली वा ऋण मुक्तिको बाटो त होइन ? नभए देशका प्रशासन राजनीति र अन्य क्षेत्र धर्म र नैतिकता विपरीत तथा अराजकता र दण्डहीनताको अवस्थाबाट चलिरहनु अर्कोतिर धर्मका अनुयायीहरू धर्मको रागमात्र जप्दै गर्नुबाट के देश समाजमा शान्ति आउन सक्दछ ?

आज देश समाजमा अराजकता, दण्डहीनता बढ्नुमा व्यक्तिको अकुशल कर्म अज्ञानताबाट बढेकोमा शंका छैन । यस सन्दर्भमा धम्मपदको केही श्लोक (क्रमश: ६, ३६, २३९) सान्दर्भिक थान्छु ।

**परे च न विजानन्ति – मय'मेत्थ यमामसे ।**
**ये च तत्थ विजानन्ति – ततो सम्मन्ति मेधगा ॥**

अर्थ– मूर्खहरूले 'हामी अवश्य पनि एक दिन मर्नु' पर्दछ भनी विचार गर्दैन, हामी मर्नु पर्दछ भनी विचार गऱ्यो कि कलह शान्ति हुन्छ ।



Downloaded from http://www.dhamma.digital

**सुदुद्दसं सुनिपुणं – यत्थ कामनिपातिनं ।**
**चित्तं रक्खेथ मेधावी – चित्तं गुत्तं सुखा'वहं ॥**

अर्थ– हेर्दा देख्न गाऱ्हो, निकै सुक्ष्म, आफू मन लागेको स्थानमा जाने, यस्तो चित्तलाई मेधावी (पण्डित) हरूले वशमा राख्नु पर्दछ, चित्तलाई वशमा राख्न सकेमा मात्र सुख प्राप्त हुन्छ ।

**अनुपुब्बेन मेधावी – थोक थोकं खणे खणें ।**
**कम्मारो रजतस्से'व – निद्धमे मल'मत्तनो ॥**

अर्थ– सुनारले विस्तारै चाँदिको कसर हटाउर पठाएझैं, मेधावीहरूले विस्तारै अलि-अलि गरेर बेला बखतमा आफ्नो चित्तमा भएका खरावीहरू हटाउनु पर्दछ ।

(साभार- भिक्षु धम्मपद)

यी श्लोकहरूको अर्थबाट पनि देश समाज व्याप्त अराजकता, दण्डहीनताको नियन्त्रणको लागि व्यक्तिहरूको कुशल कर्म अनिवार्य भएकोमा दुईमत हुँदैन । कुनै पनि देश समाजमा अराजकता, दण्डहीनतापूर्ण अन्त्य त हुन सक्दैन तर सवाल कस्तो अवस्थामा छ र सरकारी संयन्त्रको नियन्त्रणमा छ वा छैन भन्ने हुन् । आज नेपाल लगायत विश्वका कयौं देशमा अराजकता, दण्डहीनता सरकारी संयन्त्रबाट नियन्त्रणको अवस्था भन्दा निकै टाढा पुगेका देखिन्छन् । महामानव, महान गुरु भगवान गौतम बुद्धले पनि सबैलाई पार लगाउने जिम्मा लिनु भएन खाली बाटो देखाउने कार्य गर्नुभयो र वहाँको उपदेश शिक्षामा हामी बरोबर पाउँछौं । तथागतले खाली बाटो देखाउनु हुन्छ गन्तब्यमा हिंड्ने, बाटो पहिल्याउने व्यक्तिहरूले हुन् ।

आज देश समाजको भयावह अवस्थामा पार लगाउन, विगतका महानुभावहरूको ऋण चुकाउन, देश समाजको विकाश शान्ति तथा भविष्यको पुस्तालाई समेत सही बाटो देखाउन, देश समाजमा सुख शान्ति पूर्वक जिउने वातावरण, अवसर दिनको लागि समेत राजनीति, सार्वजनिक प्रशासन लगायत अन्य क्षेत्रमा नैतिकता, धर्मको पहुँच आजको आवश्यकता हो ।

**सबैको कल्याण, मंगल, भलो होस् ।**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊप समोसुखो ॥**



*जन्म:*
वि.सं. १९९१ साल
जेठ शुक्ल अष्टमी

*दिवंगत:*
वि.सं. २०६४साल
कार्तिक ९ गते कतिपुन्ही

## दि. पूर्ण बहादुर प्रजापति

**हाम्रा जहान स्व. पूर्ण बहादुर प्रजापति दिवंगत हुनुभएको करीव २ वर्ष हुनलागेको छ । उहाँको पूण्य स्मृतिमा हामी सपरिवारले मैत्री पूर्ण पूण्यानुमोदन गर्दछौं ।**

**श्रीमतीहरू- मयजु र जगतमाया**

**छोराहरू- जेठा, माहिला, साँहिला, लाल र कृष्ण प्रजापति**

# नारी

■ लक्ष्मीदेवी पौडेल

यहाँ नारीको कुरा गर्दा कतिपय कुराहरू अनौठो वा अपत्यारिला लाग्न सक्छ, किनभने हाम्रो देश नेपालमा नारीलाई देवीको रूपमा हेर्ने चलन छ भने प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दमन गर्ने चलनको पनि अन्त्य हुन सकेको छैन। समान शिक्षा समान हक र समान अंशको विषयलाई लिएर बारम्बार आपसमा झैं-झगडा भइरहने गर्दछ। दाइजो विषयलाई लिएर विवाह पूर्वदेखि विवाह भएको धेरै पछिसम्म पनि नारीलाई अपहेलना गरेको पनि देखिन्छ। शिक्षित परिवार होस् वा अशिक्षित कुनै न कुनै विषय बनाएर केही परिवारमा नारीलाई दुःख दिइरहेको पनि देखिन्छ। शिक्षित नारीले जानेबुझेका केही व्यवहार (काम) गर्दा ऊ घमण्डीमा गनिन्छे भने अशिक्षित नारीले त झन मूर्ख, अनपढ, केही नजान्ने जस्ता विभिन्न घोचपेचबाट अपमानित हुनुपर्दछ।


तर नारी स्वभावले केही सहनशील भएर होला सहन हुने र सहन सक्ने जतिसम्म त सहन्छन् तर अति नै भएपछि छिमेकी, आफन्त, समाज र यतिले पनि केही न्याय नपाएर अदालतसम्म पनि पुग्छन्। अदालतमा पुगेपछि त्यहाँ केही न्याय त पाउँछन्। तर त्यसलाई दैनिक व्यवहार मा ल्याउन धेरै गाऱ्हो पर्दछ। किनभने अदालत जीविका निर्वाहको ठाउँ होइन। कानुन अनुसार मान, मर्यादा, हक, अधिकार अदालतले दिलाउँछ तर फर्केर घरमा आइसकेपछि उही अन्याय भइरहन्छ। अझ कसैकसैलाई छ पहिले भन्दा पनि बढी बढी यस कारणले कि नारीले आफ्नो घर वा आफूभन्दा ठूलाको वेइज्जत गरी भन्ने विचारमा।

यसरी धेरैजसो नेपाली नारीहरू हरतरहबाट अन्यायमा परिरहेका छन्। यीनै अन्यायमा परेका नारीहरूको स्थितिले गर्दा थोरै संख्यामा भएपनि उच्च स्थानमा पुगेका नारीहरूले पनि गौरवसाथ सुखी र सम्पन्न छौं भन्नुभन्दा सङ्घर्ष धेरै गरियो भन्नु उचीत हुन्छ होला जस्तो मलाई लाग्दछ।

तर जे होस् अहिले नेपाली नारीको अवस्थालाई पनि केही विचार पुऱ्याइँदै आएकोले वा नारीलाई पनि केही मौका दिएकोले अब नारीमा हुने दबाबको विषयलाई लिएर केही पहलहरू अपनाई अघि बढ्न सजिलो भएको छ। यस कामको लागि पनि महिलाहरू स्वयं अग्रसर हुनुपर्दछ। यसको लागि शिक्षाको ठूलो महत्त्व हुने हुँदा नारी वा छोरीले ठीक ढङ्गसँग शिक्षा हासिल गर्ने र त्यसलाई व्यवहारमा लगाउने गर्नुपर्दछ। जस्तो महिला गोष्ठी, सेमिनार आदि जस्ता कार्यक्रमहरू गरी महिलालाई परेको समस्याका बारेमा छलफल गर्ने र त्यसबाट समाधानका उपायहरू निकाल्ने गर्नुपर्दछ। यो प्रक्रियालाई निरन्तरता दिँदै गएको खण्डमा नारीमा हुने अन्यायहरू बिस्तारै हटेर जान्छन् किनकि शिक्षा र तालिमले मानिसलाई आफ्नो कार्य र आफ्नो जीवनलाई सफल बनाउने प्रेरणा दिएको हुन्छ। त्यसैले अहिलेको समयमा परिवारमा पुरुषहरू लगायत एक-दुई जनामात्र शिक्षित भएर पुग्दैन। परिवारका सबै सदस्य शिक्षित हुनु अति जरूरी छ।

त्यसैले घरका सदस्य छोरा-छोरी र काम गर्ने मानिस राखेको छ भने तिनीहरूलाई पनि शिक्षा दिनु अति अनिवार्य भएको छ। जीवनको प्रमुख सम्पत्ति भन्नु नैतिक शिक्षा हो। नैतिक शिक्षाबाट नै मूर्ख मानिस पनि सज्जन बन्न सक्छ। आमा शिक्षित भइन् भने उनका छोराछोरी सानैदेखि पढ्नमा रूची राख्ने र अनुशासीत स्वभावका हुन्छन्।

जब बच्चा देखि नै एकले अर्कोलाई मान, मर्यादा, माया गर्ने जस्ता कुराहरू सिक्दै आउँछन्। तीनै बच्चा ठूला भएर पनि अरूलाई हेप्ने, दबाबमा पार्ने, शोषण गर्ने जस्तो कार्यदेखि डराई टाढै रहन्छन्। जसको कारण महिलामा हुने शोषण पनि हुन पाउँदैन। परिवार र समाज सभ्य हुँदै जान्छ। त्यसैले नारी उत्थानका लागि नारी आफैं अघि बढ्दै जाने र बीचमा आउने अप्ठ्यारा परिस्थितिलाई पन्छाउँदै जाने गर्नुपर्छ। यसका लागि पुरुषले पनि साथ वा समर्थन दिनुपर्ने हुन्छ। र आउँदा दिनहरूमा नारी समस्या होइन समस्या समाधानको उचीत माध्यम हो भन्ने उदार भावना समाजलाई देखाउनुपर्दछ अनि मात्र नारीको विशेषता झल्किन्छ। नारी विशेषता आजको आवश्यकता हो। ■





Downloaded from http://www.dhamma.digital

# सुख शान्ति पाउँन दुर्लभ छ

■ गौतम "शिशिर" श्रीघः विहार

"अत्ता हि अत्तनो नाथो कोहि नाथो परोसिया, अत्तना व सुदन्तेन नाथं लभति दुल्ल भं"

अर्थात्- "व्यक्ति आफ्नो मालिक–नाथ आफैं हो । आफू बाहेक अरुको नाथ को छ र ? आफैले आफूलाई दमन गर्नेलाई दुर्लभ नाथ (निर्वाण) प्राप्त हुन्छ । सुख शान्ति पाउँन दुर्लभ छ । काहाँ खुसीका साथ काहाँ सुख शान्ति पाउँन कति त्याग तपस्या दुःख सहन पर्दो रहेछन् । उदाहरणको लागि एकजना महाजनको एक्लो छोराले दुःख सुखको अनुभव आफैंले गरी ज्ञान प्राप्त गरेका कथा प्रस्तुत छ । एकजना महाजनको एक्लो छोरो थियो । एकदिन महाजनको छोराले साधु योगी बन्न चाहन्छु । बुबा आमा मलाई आज्ञा दिनुहोस् । आमा बुबाले भन्यो । हे छोरा तिमी हाम्रो एक्लो छोरा हौं । तिमीलाई धनसम्पत्ती छदैछ केमा कम छ र ? साधु योगी बन्न सपना छोड "छोराले पुनः आग्रह गर्छन् । बुबा आमाले हुँदैन भनी अस्वीकार्दछन् । एक्लो लाडप्यार छोराले चिन्ताले खाना खानै छोड्यो विरामी हुन पुग्यो । आमा बुबाको मनमा एकलो छोरा प्रति खुलदुली हुन थाल्यो । हामीले छोरालाई साधु योगी बन्न मात्र दिएन भने छोरा त्यही पिरले मृत्यु हुने भयो । जेसुकै होस् हामी बुबा आमाले भनेको मानेन । मर्नु भन्दा त हाम्रो छोरा साधु योगी भए कहिले काहीं देख्न पाइन्छ साधु योगी बन्दा जानु दिनुपर्‍यो भनी बुबा आमाले स्वीकार्नुभयो । महाजनका एकलो लाडप्यार छोरा साधु योगी भयो । १/२ महिना मा रहर पुग्यो । घर फर्कि आयो । फेरि दिन बित्न केही बेर पनि लाग्दैन रहेनछ । केही महिनापछि एकदिन बाटोमा बौद्ध धर्मका बुद्धका चेलाहरू बाटोमा सुख शान्त पूर्वक हिंडेको देखेछन् अहो यो भिक्षु हुन पाउँदा पो सुख शान्त हुन सकिन्छ होला भनी । बुबा आमासंग म भिक्षु बन्न जान्छु भनी निवेदन गर्छन् । हुँदैन भिक्षु बन्न पर्दैन भन्दा नमानेपछि जान दियो भिक्षु बन्नलाई । भिक्षु पनि भयो विहार मा गएर । एकदिन समुन्द्र पारीभिक्षा गर्न जाँदा समुन्द्र तर्नलाई नाउँमा बस्दा माझीले यो भन्यो । यो समुन्द्र, पानी, ढुङ्गा, माटो, बालुवाको पनि व्यथा, कथा छ भन्नुभयो । १/२ महिना भिक्षु भएपछि भिक्षु जीवन देखिपनि वाक लागेछ । सुख, शान्ति पाउँन सकेनन् । त्यसपछि गृहस्थी भएर हार फर्किन्दै थियो । मनमा सोच्न थाल्यो लाजलाग्यो घर जानलाई म हार त्यागेर हिंडेको एकपटक हैन दुईदुई पटक भयो । कसरी जाने मुख कसरी देखाउने भन्दै भौंतारि हिंडी रहेको थियो । त्यही समयमा एकजना नगर बधुसंग भेट भयो । त्यही नगर बधुसँग विवाह भयो ।

एउटा छोरा पनि जन्म भयो । एकदिन जंगलमा दाउरा खोज्न गएको थियो । छोरालाई एकठाउँमा राखेर । कालो विष धारी साँपले छोरालाई डस्छ, थुङ्छ तुरुन्तै सर्पको विषले गर्दा छोराको मृत्यु हुन्छ । महाजनको एकलो छोरालाई ठूलो चोट पर्छ । मनमा विरह वेदनाले भौतारिन्दै हिंड्दा-हिंड्दै एकजना एकजना ८० करोड भएका साहु धनसम्पत्ती भएका छोराछोरी नभएका । त्यही साहुले धर्मपुत्र बनाएर राख्यो । धर्मपुत्र भएर व्यापारी, बिजनेशसमेत भएर झन धेरै धन सम्पत्ती कमायो । एकदन ८० करोड भएका साहु-साउनीको अचानक मृत्यु भयो । सबै त्यही धर्मपुत्रको भयो सम्पूर्ण महल श्रीसम्पती । त्यो साहुको घरमा एउटा सुगा पनि सुनको पिँजडा (खोर) मा राखेर पालेको थियो । एकदिन त्यो सुगा पनि मृत्यु भयो । त्यो मरेको सुगालाई बाटोको छेउमा फालिदियो । त्यो धर्मपुत्रको आँखा त्यही मरेको सुगातिर पुग्यो । मनमा दुःख, सुखका महशुस भयो । मनमा सुद्धि र उन्नती दुःखबाट मुक्त हुने आँखा खोल्यो । त्यो सुनको (खोर) पिँजडामा रहेको सुगाको मृत्यु भयो र फालेपछि सुनको (खोर) पिँजडा रित्तै भयो । त्यसै गरी मेरो मृत्युपछि, त्यसैगरी फालिदिन्छ । जसरी सुनको खोर (पिँजडा) रित्तै भए जस्तै यो महल पनि रित्तै म मरेपछि रित्तै हुन्छ । श्रीसम्पत्ती पनि छोडेर जानु पर्दो रहेछन् ।

होश आयो दुःखबाट मुक्त हुने प्रज्ञा प्राप्त भयो । जीवन अनित्य दुर्वल रहेछ । मलाई यो ठूला-ठूला महल करडौं सम्पत्ती चाहिंदैन भनि त्यो ८० करोड भएको साहुको महल श्रीसम्पत्ती त्यागेर हिंड्यो । जाँदा-जाँदा मध्यम मार्ग (बीच) बाटोमा पुगेपछि एउटा माझीले भनेको समुन्द्र बालुवा ढुङ्गाको पनि ब्यथा कथा हुन्छ भनेको यादआयो त्यही ठाउँमा पुग्यो । माझीले उसैलाई नाउँ डुङ्गा चलाउन दिएर हिंड्यो । एकदिनसंगै भिक्षु भएका भिक्षु साथी महास्थविर भएर धेरै चेलाहरूको साथमा त्यही समुन्द्र तर्दा डुङ्गा चलाउने माझीको मुखमा आँखा पुग्छ । सँगै भिक्षु भएका साथीले भन्यो । आँ यहाँ तिमीले के जान्यौ ? के पायौ ? के ज्ञान प्राप्त भयो ? भनि कुरा भयो ? सम्पूर्ण अनुभव भएका कुरा बतायो कथा ब्यथा सुनेपछि । तिमी वास्तवमा भिक्षु, भिक्षु बन्न लायक रहेछौ । आज बुद्धधर्म संघको शरणमा लिन्छु आऊ भिक्षु बन्न भनेपछि भिक्षु भएर राग, द्वेष र मोहलाई क्षदन गरी अर्हत भयो । निर्वाण धर्मलाई वोध गर्न सकिने भयो ।

# बुद्ध धर्मय् ब्वयात:गु पतन व उत्थान जुइगु संस्कृतित

■ विजयलक्ष्मी शाक्य

बुद्ध सम्वत् २५०० दँ न्ह्यो बुद्ध भगवानं कनाविज्या:गु उपदेश मध्ये गृही विनय वा गृहस्थीपिंस पालना याय्मा:गु नियमत यक्को हे दुगु जुया च्वन। उकी मध्ये नं सिंगालोवाद सुत्रय् सिंगाल नांयाम्ह काय्मचा छम्ह गृही विनयलय् न्ह्यावलें न्ह्योने वया च्वंगु खनेदु। सिंगाल कुलपुत्रयात बुद्ध भगवानं प्यंगू प्रकारया कर्मक्लेश तय्गु विषय उपदेश बिया बिज्या:गु जुया च्वन। गुक्रियात बामला:गु चलन वा सँस्कृति धका:नँ नाला काय्फु। उपीं छु, छु, ख:ले धका: वाला स्वइबलय् न्ह्योने वइ–

(क) कर्पिन्त दु:ख बिइगु वा हत्या याय्गु

(ख) मेपिनिगु वस्तु खुया काय्गु

(ग) भ्रष्टाचार याय्गु, परस्त्री गमन वा बलात्कार याय्गु। अपहरण कार्ये संलग्न जुईगु।

(घ) असत्य (झूठ वचन, कडा वचन, चुकली याना उक्सेयाना) न्ववाय्गु।

थुजोगु क्लेशपूर्णगु कर्मत् मयाय्फत धा:सा सुसंस्कार, सुसंस्कृति न्ह्याज्याय् फैगु जुया च्वनी। बुद्धकालीन इलय् नं कम मात्राय् थुजोगु कर्मत दुगु हे जुया:ला। (अज्यागु) मानव जातिया पतन व उत्थानया कारण क्यना: उपदेश बिया बिज्याइगु जुया च्वन।

थुपिं प्यंगू कर्मक्लेसतय्त अशुभ कार्य, अनार्यज्या, दुराचरण वा अशुद्ध आचरण धायबले छुं हे पाइथें मच्वं। तर न्हिया न्हिथंया नेपालय् न्ह्यागु समाचार टि.भी. च्यानलय् सोसांनं थुजोगु कर्म खना हे च्वनी गुबलें हे न्यनेम्वा: सोयम्वा: धैगु मदु। झीगु नेपा दे: हे ख्र: बुद्धया जन्म भूमि। शील, समाधी पूर्णपिं महामानव पिनिगु पूण्य भूमि, कर्म भूमि। तर विडम्वना!

थुपिं कर्म क्लेशहे विनासया कारण ख:थें च्वं: मानवजाति तय्गु। उकिंयाना हे मनुतय्त दुगर्ति वा अगति सुगतिया लँपुइमखु धका भगवान बुद्धं आज्ञा जुया बिज्याइगु जुया च्वन।

अथे भयावह:गु लँपुई यंकिगु कर्मत मनुतय्सं छाय् याईले धका: नं बुद्ध कना विज्याइगु जुया च्वन। कारणं, कर्म व फल वा विपाक नाप स्वापू दुगु जुया: थुकिया कारण त कना बिज्यागु जुया च्वन– थुपिं जुल–

(क) थ:थ: पिनिगु इच्छा, आकांक्षा लोभ व पक्षपाती वानीया कारणं, शक्ति वा धनया लागि प्रभुत्व क्यनेया लागि।

(ख) सुं गुम्हेस्यां द्वेष वा क्रोधया कारणं याइगु

(ग) सुं गुम्हेस्यां भयया कारणं याइगु

(घ) सुं मनूतयसंला मोह वा अज्ञानताया वसय् लागु कारणं याइगु जुया च्वन।

थुजोगु अनार्य ज्या याइगु वखतय् ज्ञान, विवेक, बुद्धि तना वनिगु जुया च्वन। न्ह्याकोहे ब्वना त:म्ह विद्वानम्ह चलाखम्ह धासां अ:ख: हे जक ज्या याइगु जुया हे मानव समाजय् शक्तिया पलेसा अशान्ति, कलह जुया च्वनी। थ: थम्हंहे अगति वा दुर्गती लाका: जीवन हना: थ:गु हे छें, समाजय्, देशय् दु:खया लिच्व: लाका च्वनीगु जुया च्वन। अथे धाय्वलय् धार्मिक संस्कार अनुसारं पतनया हे लँपु ख:।

थौंया वर्तमान कालय् झिगु समाजय् ल्यहें-ल्यहें पुया च्वंगु सामाजिक विकृतित थुजोगु हे संस्कृतिया उपज ख: थें च्वना वल। थौं कन्हेयागु मंहगी, खाद्यान्न, ल:, मत, ज्वलन पदार्थतय्गु अभाव जुया च्वंगु कारणंयाना शान्तिया जक कामनायाना च्वसांनं अपुक प्राप्ति मजूगु ख:ला धैथें च्वना वल। शान्तिया सत्ता कलह, विवाद, हडताल, बन्द जुया: अनुशासन व समझदारी तना वना: ज्या याना नैपीं ज्या कर्मीपिन्त कष्टकर जीवन हने माला च्वन। ज्या याय्गु अवसरं वञ्चित जुजुं वना च्वन थ: थगु लजगानं याना: साधारण जीवन, धार्मिक जीवन हनीपिन्त हे नं कष्टकर जुया च्वन।

उकिं गुबलें निसें थुजोगु कुमार्ग, कुसंस्कारयात हाकुतिना वाना सुंसस्कार याइ मखु अवलेतक भगवानं कना बिज्या:गु पंचशील पालनायाना च्वंगु ज्वीमखु धैगु थें च्वना वल।

वांमला:गु कुसंस्कारत समाजय् ब्याप्त जुल। मनुतय्गु आर्थिक अवस्था स्वयबलय् अपोसिया हे झन गिरावट जुया वना च्वन। बुद्ध कना बिज्या:गु उपदेश सिमसिमचा पालय् यागु धासां, पुलांगु उपदेश वाखँ धासानं वर्तमान कालय् झीगु थ्व सामाजिक ब्यवहारय् पूरा लागु जुया च्वंगु जुया च्वना थ्व नेवा:तय्त जक मखु नेपा दे:या फुक्क जाति वर्ग तय्त लागु जुया च्वन।

अथे धाय्बलय् मनुतयगु दुर्गतीया कारण उमिगु इच्छा आकांक्षा तच्वया: जकं मखुला वहे अनुसारं इच्छा पूरायाय्गु साधनया श्रोतया अभाव जक मखुला धैथें च्वना वल। उजोगु साधनश्रोत गन मावनेगु? खयूतला छपु धापू कथं "Man is the bundle of Wants" धाई अर्थात्



Downloaded from http://www.dhamma.digital

मनू इच्छाया छम्हू ख: । छगू इच्छा पूर्ण ज्वी मेगु न्ह्योने वई । अथे इच्छायाना दु:ख अप्पो जुई धका: सियका, धार्मिक जीवन हनीपिं नं दई । चेतनशील, ज्ञानी, ध्यानी, संयमीपिंस आडम्वरी मजुसे इच्छायात लगाम ज्वना वना: त्यागी जीवन हनी नं ज्वी । उकेंहे गृहस्थी व त्यागी न्ह्यामेस्यां नं पालना आय् फुगु आर्य अष्टाङ्गिक मार्गया उपदेश बिया: भगवानं शान्तिया लँपु क्यना बिज्या:गु जुइमा: ।

भगवान बुद्ध तृष्णाया कारणं दु:ख धैगु थुइका वा दु:ख अप्पोलं तृष्णायातकी जुइगु ख: धका चार आर्य सत्यया उपदेश आज्ञा जुया बिज्यात उत्पत्ति विनासया कारण लँपु लुइका: प्रतित्य समुत्पादया उपदेश बिया बिज्यागु जुया च्वन गुंकियाना आसक्तिया अर्थ थुईका बीगु जुल ।

आर्थिक दृष्टिकोणं विचा:याना स्वेबलय् झी पृथकजनपिं साधारण मनुतय्गु अति आवश्यक वस्तुत ख: नसा:, त्वँसा, वस: इलय् विलय् वास:या ब्यवस्था व वासस्थान । थुपिं वस्तुत प्राप्तिया लागि ज्या वा कर्म याय् मागु अवस्थाय् बुँ, कृषि, पशु-पालन, बालीनाली, सुव्यवस्थित उद्योग धन्धा, कल-कार खाना, ब्यापार ब्यवसाययात आवश्यकता अनुसार बृद्धि याय् मा:थाय् सरकारी, गैन्हसरकारी पाखें उचित संरक्षण सम्वर्धन सहयोग म्हो जुया वं च्वना अधिकार व स्वतन्त्रताया नामं मनूतय्गु ज्यां वा कर्म नेपादे: गन वनिगु ख: ध्व चिन्ताया विषय जुई धुंकलका धैथें च्वना वल । उकिया लागि उचित उपायत मालेगु अवस्था वय् धुंकल धैगु विचा: फुक्क वर्ग जातिया ख्यलय् वै च्वंगु वा:चायाच्वंगु हे जुइमा: । चाहे व देश वासीपिं मध्य राजा, रंक, धनी गरीब, ब्यापारी कर्मचारी, प्रशासक, दे:या रक्षक, उच्चाधिकारिपिं आदि इत्यादि छाय् मज्वीमा ?

अथे ख:सा फुक्क मनुतय्त सन्यास का:हुं धा:गु थें नं मच्वं इच्छा व चाहना मया:सा विकास सम्भव मदु । छपु धापू कथं धैतल "Neccessity is the mother of invention" अथे जुगुली भगवानं मध्यम मार्गया लँपु क्यना बिज्यागु जूइमा: ।

बुद्ध शिक्षाया् छगू सुत्रय् उल्लेख जुया च्वंगु दु– "फितो भवतु लोकी च, राजा भवतु धम्मिको" अर्थात् राजा वा प्रशासनिक उच्चाधिकारीपिं धर्म चित्तयापिं जुल धासा दे: या जनता भिना: लोक नं समृद्ध जुइ गथे छगू परिवार य् थकालिम्ह भिन धा:सा छें धस्वाई धैगु धापूदुगु जुल ।


वहे कारणं उजोगु कर्म क्लेशतयृत वांछोया: सुब्यवस्थित नियम, कानुन व धार्मिक, नैतिक मानसिकता कर्मत जुइमा: धैगु भलसा काय् । अथे जुल धासा दे:या पतन मखु अवश्य नं उत्थान ज्वी ।

क्लेशरहित, धार्मिष्ठ ब्यक्ति: पिनिगु संख्या बृद्धि जुइगु जूसा अशोक राजाया बुद्धकालिन इलय् दमन, शोषण, उत्पिडन मदया:, चोरी, डकैती, हत्या, हिंसा, भ्रष्टाचार, अन्याय, अत्याचार मजुया: न्यायालय, जेल (कारागार) बन्द याना तालं ग्वैत:गु अवस्थाथें मिखाय् लुया वइगु जुई ।

देशय् श्रोत साधन उपलब्ध जुया: आजीविकाय् सुधार याय्या लागि सरकार वा प्रशासन सक्रिय जुल धा:सा गाँ, नगर, शहरवासीपिंनिगु उन्नति, प्रगति जुई । प्राकृतिक वा अप्राकृतिक प्रकोपं, शोषण, दमनं अले, स्वतन्त्रता व अधिकारया नामं देशय् न्ह्याबलें गोलमाल मजुसे शान्ति जुइगु ज्वी । थुजोगु प्रकारं देशय् भौतिक, आर्थिक, सामाजिक, आध्यात्मिक सकारात्मक परिवर्तन वइला मवइला मस्यु तर चिन्तन जक याय्बलय्हे आनन्द व शान्तिया अनुभूति जुया बिई । ■

*(सन्दर्भ: बुद्ध र संस्कृति । लेखक: भिक्षु अश्वघोष महास्थविर)*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊप समोसुखो ॥**



**निर्मला मानन्धर (निलु)**

*जन्म: वि.सं. २००१/६/९ (नेसं. १०६४)*
*मृत्यु: वि.सं. २०६६ /४/९ (नेसं. ११२९)*

याक:चा जुलं छु जुल, पूण्य जिगु साथ दु
धर्म जिगु पासा दु, धाधां भौतिक शरीर त्व:ता:
बुद्ध भूमी लीन जुया दीम्ह
धर्मकीर्ति वौद्ध ज्ञानमाला भजनया
ज: सुश्री निर्मला निलु मानन्धरयात
निर्वाणया कामना याना च्वना ।

**धर्मकीर्ति बौद्ध**
**ज्ञानमाला भजन खल:**
**धर्मकीति विहार श्रीघ: न:घ: यैं**

# समाज सुधारया ज्या ऋषिणी प्रव्रज्या

■ वीर्यवती

नेपालय् मिसा मचापिन्त बान्हा: तय्गु (गुफा राख्ने) धका: चलेजुया वयाच्वंगु परम्परागत सँस्कृति अनुसार इमित झिंनिन्हु तक कोथाय् कुनातय्गु प्रथा दु । झिंनिन्हु तक ख्यूं कोथाय् कुना: निभा: ज: तक हे नं स्वय् मज्यू मिजंपिं स्वयमज्यू धका: क्वँय् प्वा: तक हे नं बन्द याना: गुम्सेजूगु कोथाय् कुनातय्गु थुगु प्रथा आ:तीजक न्हनावनाच्वंगु खनेदु । खुल्ला व स्वच्छ फय् मदुथाय् ख्यूं कोथाय् कुनेगु पलेसा आ: थौंकन्हे विहारय् यंका: दशशील पाले याका: बुद्ध शिक्षा सयक्यगु, दान प्रदान यायगु आदि कथं भिंगु संस्कार पिना: ऋषिनी प्रव्रज्या जीवन हनेगु चलन दयाव:गु खनेदु । विहारय् च्वनेबले ख्यूंगु व गुम्से जगूगु कोथाय् च्वनेम्वा: । चाग: म्हिता: दिन फुकेगु पलेसा बुद्ध शिक्षा सयका: मनयात शिक्षित याय्:गु, भिंगुलँ क्यनेगु मौका कयाच्वंगु खनेदु । थुकथं भिंगु संस्कार पिना: भिँगु लँपुई वनेगु परम्परा वि.सं. २०२२ सालय् धर्मकीर्ति विहार श्रीघ: न:घलं निसें शुरू जूगु ख: । थ्व प्रथा न्हापा शुरू याना बिज्या:म्ह व्यक्तित्त्व ख: भिक्षुणी धम्मवती गुरुमां । वसपोल धर्मकीर्ति विहारया संस्थापक अध्यक्ष ख: ।

ऋषिणी प्रव्रज्या यायबले सँ खाय्मा:गु आवश्यकता मदु । कलेजी वसतं पुना: दशशील प्रार्थना याना: विहारय् च्वना: बुद्ध शिक्षा अध्ययन याइगु ख: ।

दकले न्हापां वि.सं. २०२२ साले धर्मकीर्ति विहारय् धम्मवती गुरुमांया आचार्यत्त्वय् मन्दिरा ताम्राकार व पूण्यलक्ष्मी कंसाकार नां दुपिं निम्ह मिसामचापिन्त ऋषिणी प्रव्रज्या या:गु ख: ।

मन्दीरा ताम्राकार उपासक कुलरत्न ताम्राकार व उपासिका हीरालानी ताम्राकारया याक: म्ह्याय् ख: । लुमंकेबह: जू कुलरत्न ताम्राकार तत्कालिन राणाकालिन शासनया प्रधानमन्त्री मोहन शम्शेर राणाया बैठके ख: ।

अथेहे मेम्ह ऋषिणी पूण्य लक्ष्मी कंसाकार उपासक बुद्धरत्न उपासिका चिनीशोभा कंसाकारया म्ह्याय् ख: ।

बर्मी गुरु धम्माबुध भन्ते नं धम्मवती गुरुमां (गणेश कुमारी शाक्य) १४ दँ जक, दुगु नच्चागु बैंशय् वि.सं. २००६ सालय् बर्माय् बुद्ध शिक्षा ब्वंकेगु लागि यँका बिज्या:गु ख: । झिंप्यदँ जक दुम्ह मचायात सरकारं पासपोर्ट मब्यूगु कारणं वसपोलपिं भारतया आसाम लँ जुका: न्यासे हे वना: बर्मा थ्यंक: बिज्या:गु ख: । थुगु घटनाया विस्तृत विवरण ला "योम्ह म्ह्याय्" अर्थात् "स्नेही छोरी" नांगु धम्मवती गुरुमांया जीवनी सफू ब्वना: सीका काय्फु ।

लुमंकेवह:जू वि.सं. २०२२ सालय् धर्मकीर्ति विहार (पुलांगु भवन) उद्घाटन जूगु ख: ।

धर्मकीर्ति विहार उद्घाटन जूगु ज्याझ्वलय् बर्मी भन्ते धम्माबुद्ध नं धर्मकीर्ति विहारे बिज्याना च्वंगु जुयाच्वन ।

उकें थन नेपाले दकले न्हापां ऋषिणी जूपिं मिसा मचापिं निम्ह व धम्माबुध भन्ते सहित दोगुणवती गुरुमां व धम्मावती गुरुमां दुगु ४४ दँ न्ह्योया फोटो थ्वहे अङ्कया द्यव: किपाले प्रस्तुत जुयाच्वंगु दु । ■

मैत्री केन्द्र वाल आश्रमलाई सहयोग यसप्रकार प्राप्त भएको छ–

१. नवीन शाक्य, जन्मदिनको उपलक्ष्यमा ह्यूमत टोलबाट रु. [illegible]/–

## अनित्य जीवन

■ सुभद्रा स्यामित, (नेपुनी)

हिजो सम्म रमाइला दिनहरू
आज त्यही नरमाइला भइगए ।
हिजोको आफ्नै शक्तिवान शरीर
आज दुखबल भइगयो "
हिजो सम्म आफ्नै शरिरका अङ्गहरूले दिए साथ
आज ती सबैले दिन छोडे साथ
हिजो सम्म देखिएका ती प्राणीहरू
आज देखिएन
यस्तै रहेछ अनित्य संसार भनि जानुस् सबैले
जानु छ एकदिन सबै त्यही बाटोमा
त्यसैले लिऔं सबैले बुद्धको आदर्श र बाटो
बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि,
संघं सरणं गच्छामि ।
"भव्वतु सव्व मङ्गल"



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## अंगुत्तर निकायको विषयमा व्याख्या

*२०६६ असार २७ गते*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षामा श्री मदन मानन्धरज्यूबाट अंगुत्तर निकायको एकक निपात अन्तरगत १५ औं र १६ औं वर्गको विषयमा व्याख्या गर्नुभयो । १५ औं वर्ग अट्ठान पाली भित्र पनि तीनवटा वर्ग छन् । त्यसमा द्वितीय वर्गको ९ वटा सूत्र यसप्रकार छन्–

(१) लोकमा सम्यक सम्बुद्ध एक जनामात्र उत्पन्न हुन्छ ।
(२) केटी मान्छे बुद्ध हुने सम्भव छैन ।
(३) चक्रवर्ती राजा एक जनामात्र हुन्छ ।
(४) केटी मान्छे, चक्रवर्ती राजा हुने सम्भव छैन ।
(५) केटी मान्छे इन्द्र हुने सम्भव छैन ।
(६) वंशवर्ती मार केटी हुने सम्भव छैन ।
(७) केटी मान्छे ब्रह्मा हुने सम्भव छैन ।
(८) काय दुश्चरित्र भएको व्यक्तिको परिणाम राम्रो हुने सम्भव छैन ।
(९) वची दुश्चरित्र भएको व्यक्तिको परिणाम राम्रो हुने सम्भव छैन ।

तृतीय वर्गमा पनि ३ वटासूत्र छन् जुन यस प्रकार छन्–

(१) काय सुचरित्र भएको व्यक्तिलाई हुने सम्भव छ । सुगति जाने सम्भव छ ।
(२) वची सुचरित्र भएको व्यक्तिलाई राम्रो हुने सम्भव छ, सुगति जाने सम्भव छ ।
(३) मन सुचरित्र भएको व्यक्तिलाई राम्रो हुने सम्भव छ । सुगति जाने सम्भव छ ।

१६ औं वर्ग एक धम्मपाली– मनले गर्ने एउटा राम्रो काम । त्यो हो ध्यान गर्ने । ध्यान दुई प्रकारका छन्, समथ र विपस्सना । समथ ध्यान भनेको यी हुन्– बुद्धानुसति गर्ने धम्म, धम्मानुसति गर्ने धम्म, संघानुसति गर्ने धम्म, शीलानुसति गर्ने धम्म, त्यागनु सति गर्ने धम्म, देवतानुसति गर्ने धम्म । यी ध्यान गर्नाले मनमा वैराग्य उत्पन्न हुन्छ । चित्तमा क्लेश विरोध हुन्छ । चित्त शान्त हुन्छ । चमत्कार प्राप्त हुन्छ, निर्वाण प्राप्त गर्नलाई हेतु बन्छ ।

*२०६६ श्रावण १० गते ।*

## विषय– धर्मका पाँच मित्रहरू

*प्रवचक– श्रद्धेय अश्वघोष भन्ते*
*प्रस्तुती– सुभद्रा स्थापित*

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविर भन्तेज्यूबाट 'धर्ममा पाँच मित्रहरूको' विषयमा प्रवचन दिनुभएको थियो । मानिसहरू स्वभावैले सामाजिक प्राणी भएकोले समाज बिना ऊ अलगरहन सक्दैन । समाजमा सुहाउँदो तरिकाले जीवन बिताउनको लागि जन्मे देखिको मृत्युको अन्तिम घडीसम्म विभिन्न सरसामानका तत्त्वहरूको अत्यन्त आवश्यकता पर्छ ।

त्यस्तै बौद्ध धर्ममा जीवन बिताउनेहरूले पनि गृहस्थी जीवनको भन्दा छुट्टै पाँच मित्रहरूको सहायता लिनु अत्यन्त आवश्यकता पर्छ । ती पाँच मित्रहरू यसरी रहेका छन्–

(१) शुद्ध श्रद्धा– जुनसुकै राम्रा काम, कर्त्तव्य निभाउँदा शुद्ध श्रद्धाले गरिनु राम्रो मानिन्छ । तर श्रद्धा नभएको अथवा अश्रद्धालु भाव राखेर गरेको काम अहितकार र नराम्रो हुन सक्छ ।

(२) शील– जुन व्यक्तिले शीलको पालना गरिन्छ । त्यस्तालाई मृत्युको अन्तिम घडीसम्म पनि सबैले उसको गुणको प्रशंसा गर्दै मान, सम्मान र इज्जत गरिने हुन्छ । त्यसैले शीललाई हाम्रो शरीरको शीर जस्तै महत्वपूर्ण मानिन्छ ।

(३) स्मृती– जुनसुकै काम कर्त्तव्य गर्दा आफूले आफैलाई होश पुऱ्याएर स्मृति भाव राख्न सक्नुपर्छ । यदि स्मृति भाव भएन भने आफूले के गर्दैछु भन्ने कुराको ज्ञान समेत बोध हुन्दैन । जसले गर्दा पछि नराम्रो प्रभाव पार्छ ।

(४) समाधि– जुनसुकै चित्तलाई विपश्यना ध्यानले तटस्थ एकाग्र गरी समाधितिर धकेल्न सक्नुपर्छ । तर आँखा मात्र चिम्लेर बकुलाले माछा बग्ने खोलानिर समाधि गरे जस्तो गर्नु हुन्दैन ।

(५) प्रज्ञा– सँधै प्रज्ञा सहितको काम र कर्त्तव्य गर्न सक्नुपर्छ । यदि आफूसंग प्रज्ञाको अभाव छ भने आफूभन्दा सक्षम गुरुसंग सिकेर प्रज्ञा जगाउन सक्नुपर्छ । यिनीहरू यसरी बुद्ध शिक्षामा उल्लेख भएअनुसार हाम्रो लागि यी ५ वटा तत्त्वहरूनै असल मित्रहरू हुन् ।

'भवतु सब्ब मंगलं'



Downloaded from http://www.dhamma.digital



अल्पकालिन प्रव्रज्या कार्यक्रममा प्रव्रजित भएका व्यक्तिहरू

## अल्पकालिन प्रव्रज्या

बि.सं. २०५२ साल आश्विन २८ गते शिलान्यास गरी निर्माण गरिएको जितवन बौद्ध विहार थानकोटमा रहेको छ । यस विहार उपासिका रामकुमारी मानन्धर र जीत नारायण मानन्धरका सुपुत्रहरू पृथ्वीनारायण मानन्धर, शंकर मानन्धर, चन्द्र मानन्धर र सत्यनारायण मानन्धर प्रमुख थुप्रै श्रद्धालु उपासकोपासिकाहरूको सश्रद्धा चन्दाद्वारा निर्मित भएको कुरा बुझिएको छ ।

यस विहारलाई मिति वि.सं. २०६५ पौष १२ गतेका दिन भिक्षु अशोक प्रमुख भिक्षु महासंघलाई संघदानको रूपमा दिइएको कुरा बुझिन आएको छ ।

यस विहारमा बि.सं. २०६६ श्रावण १४ गते विहारका दाताहरू लगायत अन्य उपासकहरूलाई १० दिने अल्पकालिन प्रव्रज्या गरिएको थियो ।

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६६ श्रावण १४ गते*

*स्थान- मैत्री बोधिसत्त्व महाविहार, जमल ।*

यसदिन धर्मकीर्ति ज्ञानमाला भजनबाट ज्ञानमाला भजन प्रस्तुत भइसकेपपछि वीर्यवती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो । त्यसपछि उहाँले नै धर्मदेशना गर्नुभएको थियो ।

यसदिन कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण सहभागीहरूलाई दिवंगत चन्द्रवीरसिंह कंसाकार र रत्नशोभा कंसाकारका पूण्यस्मृतिमा पूर्णवीर सिंह कंसाकार एवं गायत्री कंसाकार प्रमुख सपरिवारको तर्फबाट जलपानको व्यवस्था मिलाउनुभई पूण्य सञ्चय गर्नुभएको थियो ।

## धर्मकीर्ति विहारमा एकमहिने गुँला पर्वको उपलक्ष्यमा बुद्धपूजा र धर्मदेशना

धर्मकीर्ति विहारमा वि.सं. २०६६ सालको गुँला पर्वको उपलक्ष्यमा १ महिनासम्म बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बुद्धपूजा र धर्मदेशना गर्नुहुने गुरुमांहरूको नामावली यसरी रहेको छ–

| क्र.सं. | मिति | बुद्धपूजा गर्नुहुने | धर्मदेशना गर्नुहुने गुरुमां |
|---|---|---|---|
| १. | ०६६/४/८ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २. | ०६६/४/९ | चमेली गुरुमां | चमेली गुरुमां |
| ३. | ०६६/४/१० | अमता गुरुमां | दानवती गुरुमां |
| ४. | ०६६/४/११ | वण्णवती गुरुमां | इन्दावती गुरुमां |
| ५. | ०६६/४/१२ | दानवती गुरुमां | पञ्ञावती गुरुमां |
| ६. | ०६६/४/१३ | पञ्ञावती गुरुमां | दानवती गुरुमां |
| ७. | ०६६/४/१४ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| ८. | ०६६/४/१५ | पूण्यवती गुरुमां | त्यागवती गुरुमां |
| ९. | ०६६/४/१६ | मेत्तावती गुरुमां | पूण्यवती गुरुमां |
| १०. | ०६६/४/१७ | वण्णवती गुरुमां | मेत्तावती गुरुमां |
| ११. | ०६६/४/१८ | सुवण्णवती गुरुमां | जयवती गुरुमां |
| १२. | ०६६/४/१९ | पञ्ञावती गुरुमां | पञ्ञावती गुरुमां |
| १३. | ०६६/४/२० | इन्दावती गुरुमां | इन्दावती गुरुमां |
| १४. | ०६६/४/२१ | चमेली गुरुमां | चमेली गुरुमां |
| १५. | ०६६/४/२२ | मणीवती गुरुमां | पूण्यवती गुरुमां |
| १६. | ०६६/४/२३ | रमावती गुरुमां | मणीवती गुरुमां |
| १७. | ०६६/४/२४ | जयवती गुरुमां | जयवती गुरुमां |
| १८. | ०६६/४/२५ | शुभवती गुरुमां | शुभवती गुरुमां |
| १९. | ०६६/४/२६ | दानवती गुरुमां | पञ्ञावती गुरुमां |
| २०. | ०६६/४/२७ | पञ्ञावती गुरुमां | दानवती गुरुमां |
| २१. | ०६६/४/२८ | त्यागवती गुरुमां | त्यागतवी गुरुमां |
| २२. | ०६६/४/२९ | मेत्तावती गुरुमां | मेत्तावती गुरुमां |
| २३. | ०६६/४/३० | कुसुम गुरुमां | कुसुम गुरुमां |
| २४. | ०६६/४/३१ | पूण्यवती गुरुमां | पूण्यवती गुरुमां |
| २५. | ०६६/४/३२ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |
| २६. | ०६६/५/१ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २७. | ०६६/५/२ | जयवती गुरुमां | जयवती गुरुमां |
| २८. | ०६६/५/३ | शुभवती गुरुमां | शुभवती गुरुमां |
| २९. | ०६६/५/४ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |
| ३०. | ०६६/५/५ | चमेली गुरुमां | धम्मवती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

## समाचार

### विषय– त्रिबोधि

*२०६६ ज्येष्ठ ३० गते*
*प्रस्तुती- सुभद्रा स्थापित*

यसदिन त्रिबोधिको बाँकी अंश प्रस्तुत गर्नुहुँदै नरेशमान वज्राचार्यले भन्नुभयो–

"बुद्ध हुनको लागि बोधिसत्त्व भई पारमिता पूरा गर्न सक्ने व्यक्ति आवश्यकता पर्दछ।" जो कोही व्यक्तिले बुद्ध हुने सपना देख्दैमा बुद्ध हुन सकिने होइन। सुख र मान पदवी सबैलाई मन पर्दछ। मन पर्दैमा मात्र सुख र मान पदवी प्राप्त हुने होइन। फलप्राप्त गर्नको लागि आवश्यक कार्य पनि गर्नैपर्दछ।

यसरी नै बुद्ध बन्नको लागि लरतरो व्यक्तिले देखावटी कार्य गर्दैमा पारमिता पुरा हुने होइन। पारमिता पूरा नभएसम्म बुद्ध हुन सकिने होइन। जति पनि दृढ संकल्प, मेहनत र अधिस्थान पूरा गरी महान कार्यहरूद्वारा पारमिता पूरा गर्न सकिन्छ, तब मात्र बुद्ध बन्न सकिनेछ।

### वार्षिक उत्सव व प्रेरणा पुरस्कार वितरण

*०६६ श्रावण २१ गते, बुधवार*
*शाक्य सिंह विहार, थैना, यल।*

शाक्य सिंह परियत्ति तथा प्रौढ शिक्षालय परिवारया ग्वसालय् श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयया वार्षिक उत्सव व प्रेरणा पुरस्कार वितरण समारोह क्वचाःगु बुखँ ध्यंगु दु। थुगु समारोह नेपाःयाम्ह न्हापांम्ह त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरजुया प्रमुख अतिथित्वय् सम्पन्न जूगु खः। शीलप्रार्थना यासें न्ह्याःगु थुगु ज्याझ्वलय् प्रज्ञानन्द स्मृति ज्ञानमाला भजन नं प्रस्तुत जूगु खँ सीदु।

### युवक बौद्ध मण्डलका विविध कार्यक्रमहरू

यस मण्डलको आयोजनामा २०६६ श्रावण २३ गते ललितपुर नगरमा भएको परम्परागत दीप जात्रा मतयाः पर्वमा सहभागी हुनु भएका भक्तजनहरूको सेवामा च्यासलटोल स्थित चिकं बहिलमा र गुजिबहालमा गरी दुई ठाउँमा बसी यात्री भक्तजनहरूलाई मालिस गर्ने र औषधि उपचार, जुस पेय पदार्थद्वारा सेवा गरिएको थियो। उक्त उपचार सेवा टोलीमा ४० जना युवाहरू संलग्न भएका थिए। श्रद्धेय सनम ज्योति शाक्यले गर्नुभएको थियो।

२०६६ श्रावण २४ गते, शनिवार विहान गएको श्रावण १७ गते भएको २१ औं नवनिर्वाचित कार्यसमिति पदाधिकारीहरूलाई शपथ खुवाउने र पूर्व अध्यक्षहरूलाई कदर-पत्र प्रदान गर्ने कार्यक्रम नवनिर्वाचित अध्यक्ष हेरारत्न शाक्यको अध्यक्षतामा भिक्षु भद्दिय महास्थविरबाट शील प्रार्थना गराउनुभई शुरू गरिएको थियो। प्रथम उपाध्यक्ष सुरेन्द्र शाक्यज्यूले स्वागत गर्नु भएको उक्त कार्यक्रममा वरिष्ठ सल्लाहकार पूर्वमन्त्री बुद्धिराज वज्राचार्यबाट नवनिर्वाचित कार्यसमितिका २० जनालाई शपथ ग्रहण गराइएको थियो। उक्त अवसरमा पूर्व अध्यक्ष श्री सुचित्रमान शाक्य, श्री चन्द्रमान शाक्य, श्री अशोकमान शाक्य, श्री राजेश शाक्य र श्री सानुराजा शाक्यलाई उहाँहरूले युवक बौद्ध मण्डललाई आफ्ना कार्यकालमा अमूल्य योगदान दिई संस्थालाई विकास गर्नु भएको कदर स्वरूप मुख्य अतिथिबाट कदर-पत्रद्वारा सम्मान गरिएको थियो।

उक्त अवसरमा धर्मोदय सभाका वरिष्ठ उपाध्यक्ष पूर्व सांसद श्री लक्ष्मीदास मानन्धर, यु.बौ. मण्डलका निवर्तमान अध्यक्ष सानुराजा शाक्य, प्रमुख अतिथिज्यू, अध्यक्ष हेरारत्न शाक्य, लगायत भिक्षु भद्दियबाट आ-आफ्नो मन्तव्य व्यक्त गरिएको थियो।

### परियत्ति परिक्षार्थीलाई पुरस्कार वितरण

अखिल नेपाल भिक्षु महासंघ सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा २५५२ को परियत्ति परिक्षामा सफल भएका परिक्षार्थीहरूलाई मुनिविहारमा एक कार्यक्रम सञ्चालन गरी पुरस्कार एवं प्रमाणपत्र वितरण गरियो। मुनि विहार केन्द्रका केन्द्राध्यक्ष रामकृष्ण बैद्यको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा भक्तपुर जिल्लाका जिल्ला शिक्षा अधिकारीको प्रमुख आतिथ्यमा यस विहारका भिक्षु थानसेठ्ठो महास्थविरबाट पुरस्कार वितरण भएको थियो। युवा बौद्ध पुचःका धर्मरत्न शाक्यद्वारा स्वागत मन्तब्य दिनुभएको उक्त कार्यक्रममा परियत्ति केन्द्रका तर्फबाट भिक्षु निग्रोधले परियत्ति शिक्षाको महत्त्व र आवश्यकता सम्वन्धमा धर्मोपदेश गर्नुभएको थियो। मैत्रय युवा संघका तिर्थराज वज्राचार्यले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको रक्त कार्यक्रममा सञ्जय शाक्यले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। परिक्षार्थीका तर्फबाट सुलोचना कोजु, विद्या शाक्य र प्रमिला धाख्वाले पनि मन्तब्य दिनुभएको उक्त कार्यक्रममा तुलसिकाजी मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो। पञ्चशील प्रार्थना गरी शुरू भएको उक्त कार्यक्रमका भिक्षु आनन्द

लगायत प्रमुख अतिथि जि.शि.अ. निरा शाक्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रम रसना वज्राचार्यले सञ्चालन गर्नुभएको थियो ।

**पद्मसुगन्ध विहार तदर्थ समिति गठन**

का.म.पा. वडा नं. २१ अन्तर्गत पद्म सुगन्ध मार्ग २१५ मा अवस्थित यस पद्म सुगन्ध विहारमा मिति २०६६/३/१२ गतेका दिन धर्मानुशासक श्रद्धेय भिक्षु सुमेध महास्थविरको समुपस्थितिमा पुरानो विहार समिति र उपासक उपासिका पुच:को सम्पूर्ण सदस्य महानुभावको सरसल्लाह र सहमति अनुसार हाललाई विहारमा एक तदर्थ समिति गठन गर्ने निर्णय भए बमोजिम निम्न लिखित पदाधिकारी तथा सदस्यहरू भएको "पद्म सुगन्ध विहार तदर्थ समिति" नामक समिति गठन गरियो । साथै निम्न विशिष्ट व्यक्तिहरूलाई सल्लाहकारमा राख्ने निर्णय भयो ।

धर्मानुशासक- भिक्षु सुमेध महास्थविर

*कार्यकारिणी तदर्थ समिति-*

अध्यक्ष- श्री गोविन्द रञ्जित, उपाध्यक्ष- श्री राजेश रञ्जित

सचिव- सुश्री आरती रञ्जित,

सह-सचिव- श्री कुमार रञ्जितकार

कोषाध्यक्ष- सुश्री तिमिला रञ्जित

*सदस्यहरू–*

श्री धर्मज्योति रञ्जित, श्री बुद्ध रञ्जित

श्री अमरज्योति रञ्जित, श्री ज्ञानुराजा रञ्जित

श्री नन्दकुमार रञ्जित, श्री लव रञ्जित

श्री ओमसिद्धि रञ्जित, सुश्री शौभाग्यवती रञ्जित

*सल्लाहकारहरू–*

मा. सभासद श्री ध्यानगोविन्द रञ्जित

श्री देवबहादुर रञ्जित, श्री शारदाभक्त रञ्जित

श्री मोतीकृष्ण रञ्जित, डा. शुशिल शाक्य

श्री कृष्णमान रञ्जित, श्री हरिमान रञ्जित

**बौद्ध वक्तृत्वकला पर्व भूगुथि, यलया न्हूधा: व सफू विमोचन**

बु.सं. २५५३ दँया आषाढपुन्हिया लसताय् बौद्ध युवा कमिटिया ग्वसालय् यलया ज्यापू प्रज्ञा भवन, भोलढोकास मिति २०६६ साल आषाढ २७ गते शनिवारखुन्हु जूगु भिंन्हेक्व:गु बुद्ध व बुद्धधर्मसम्बन्धी वक्तृत्वकला पर्वया ज्याभ्व:सं बौद्ध वक्तृत्वकला पर्व मूगुथि, यलपाखें प्रकाशन या:गु बौद्ध वक्तृत्वकला पर्व-छगू परिचय नांगु सफू मूपाहाँ सभासद् श्रद्धेय भिक्षु आनन्दजुपाखें उलेज्या याना बिज्यागु जुल । मूगुथिया सचिव भाजु शुक्रराज शाक्यपाखें सम्पादन याना तयार या:गु उगु सफूस बौद्ध वक्तृत्वकला पर्व स्थापनाकालं निसें आ:तक सम्पन्न जुई धुंकूगु ज्याभ्व:या विवरण उल्लेख याना त:गु दु । नापं थुगु हे सभास मूगुथिया कार्यकारिणी समितिया न्हूधा: जूगु घोषणा जुल ।

*न्हूधा: कार्यसमिति*

अध्यक्ष- श्री देवेन्द्र वज्राचार्य

निवर्तमा अध्यक्ष- श्री बाबुराजा वज्राचार्य

उपाध्यक्ष- श्री शुक्रराज शाक्य

सचिव- सुश्री रचना वज्राचार्य

सहसचिव- श्री निरञ्जन वज्राचार्य

कोषाध्यक्ष- श्री बुद्धरत्न शाक्य

*सदस्यपिं:* श्री सुरेन्द्रकुमार शाक्य, श्री मदन तुलाधर, श्री तिर्थराज वज्राचार्य, श्री अनुप शाक्य, श्री विक्रम शाक्य ।

**बु.स. २५५२ ने.सं. ११२९ वि.स. २०६६ श्रावण १७ गते शनिवार जूगु युवक बौद्ध मण्डल नेपाल या ३१ दँ बार्षिकोत्सव स ल्यज्या परिणाम व २१ औं कार्य समितिया न्हापांगु मुंज्या मनोनित यापिं थथे:ख: ।**

मनोनित व.धम्मानु शासक:

भिक्षु संघ नायक भिक्षु बुद्धघोष महास्थविर

| | |
|---|---|
| धम्मानु शासक: | युवक बौद्ध मण्डल या पूर्व अध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर |
| वरिष्ठ सल्लाहकार: | लोक दर्शन वज्राचार्य |
| वरिष्ठ सल्लाहकार: | बुद्धिराज वज्राचार्य |
| वरिष्ठ सल्लाहकार: | बेखा रत्न शाक्य |
| सल्लाहकार: | तिर्थमान शाक्य |
| सल्लाहकार: | कृष्णलाल महर्जन |

निर्वाचित कार्य समिति अध्यक्ष: हेरा रत्न शाक्य

निवर्तमान अध्यक्ष: सानुराजा शाक्य

प्रथम उपाध्यक्ष: सुरेन्द्र शाक्य

द्वितीय उपाध्यक्ष: शोभा शाक्य

महासचिव: बुद्ध रत्न शाक्य

कोषाध्यक्ष: हेम रत्न शाक्य

सचिव: सुरेश वज्राचार्य

उप सचिव: उजय वज्राचार्य

उप कोषाध्यक्ष: आशारत्न शाक्य

प्रचार सचिव: प्रदिम वज्राचार्य

सदस्यपिं: राजेश शाक्य, सुनील वज्राचार्य, राजेश शाक्य, अरणी वज्राचार्य, तिर्थ रत्न शाक्य, विश्व वज्राचार्य, सनम ज्योति शाक्य

मनोनित सदस्यपिं: शुक्रराज शाक्य, ज्ञानमुनि शाक्य



Downloaded from http://www.dhamma.digital

# प्रव्रज्या दिवस

*२०६६ असार ६ गते, शनिवार*
*थाय्- पद्मकीर्ति विहार, कमल पोखरी, यें*
*प्रस्तुती- प्रफुल्ल कमल ताम्राकार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया गोसालय् न्याय्का वयाच्वंगु प्रव्रज्या दिवस थुगुसी पद्मकीर्ति विहार, कमल पोखरी धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया कोषाध्यक्ष भाजु श्यामलाल चित्रकारजुया संयोजकत्त्वय् सु-सम्पन्न जूगुजुल ।

निगूगु चरणय् जूगु उगु ज्याइव:स न्हापांगु चरण सुथसिया ८:०० बजे जलपान कार्यक्रम शुरू जूगु जुल । अले बुद्ध पूजा, धर्म देशना, ध्यान व भोजनया कार्यक्रम न्हिनसिया १:०० बजे क्वचाल ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरजुयागु मू पाहाँसुई, भिक्षुणी धम्मवती गुरुमांया सभापतित्त्वय दोस्रो चरणया मू ज्याइव: न्हिनसिया १:३० बजे भाजु अरूणसिद्धि तुलाधरं संचालन यानादीगु ख: । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पूर्व सचिव रमा कंसाकार पाखें लसकुस न्वचु बी सिधयूवं "प्रव्रज्या लुमंका" विषयले गौरवरत्न ताम्राकारं थ:गु नुग: खँ व अनुभव कनादिल । वयक: वि.सं. २०६१ साल पौष महिनाय् सुलक्षणकीर्ति विहार, चोभारे थ: माँयागु हौसलां १ हप्ता श्रामणेर प्रव्रज्या जुयाबले वयकलं यक्को बुद्ध शिक्षाया ज्ञान व ध्यानया शिक्षा प्राप्त यानागु व जन्मय् छक: श्रामणेर प्रव्रज्या ज्वीत इनापनं याना दिल । अथेहे सुविद्या तुलाधरं वि.सं. २०६२ सालं निसें २०६५ सालं तक्क हरेक वर्ष ऋषिणी प्रव्रज्या जुयागु व थुकिं थ:त यक्को उपलब्धि जूगु खँ कनादिल ।

वयाँलिपा मयूजु रीना तुलाधर 'सद्धर्म कोविद' व मयूजु अमीर कुमारी पाखें "अल्पकालीन प्रव्रज्या चुनौति व समाधान" विषयस् कार्यपत्र प्रस्तुतयाना दीगु जुल । मयूजु रीना तुलाधरं धयादिल "प्रव्रज्या कार्यक्रमय् खनेदया वयाच्वंगु समस्या ज्यंकेमा:गु दु । गथे वा माय् घाँय् बुया वैबले घाँय् पुया: वामायात सुरक्षायायूमा अलेजक वा मा बाँलाई अथेहे प्रव्रज्या कार्यक्रम संचालन यानादीपिन्त गुगु समस्या वैच्वन व समस्यायात समाधान यायूगु अथवा प्रव्रज्याया छुं नियमत सुधार यायूगु ज्ञीगु थ्व थौंया कार्यक्रमया उद्देश्य ख: ।

सुश्री अमीर कुमारी शाक्य पाखें प्रस्तुत जूगु कार्यपत्र व्यवहारकि पक्ष पाखें कार्यपत्र ख: गुकी वयकलं धयादिल अनैतिक वातावरणय् ब्वलनाच्वंपिं मस तय्त नैतिक शिक्षा बीगु छगू चुनौति ख: । "धर्मकीर्ति विहारे दुने नियमित रूपं हे स्वन्हुया ऋषिणी प्रव्रज्या न्ह्याचानाच्वंगु दु अले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् वि.सं. २०५९ साल निसें न्ह्यन्हुया लागि अल्पकालिन ऋषिणी व श्रामणेर) प्रव्रज्या निरन्तर रूपं सञ्चालन जुयावयाच्वंगु दु ।

मयूजु रीना तुलाधरं प्रस्तुत यानादीगु कार्यपत्रया टिप्पणीकार भाजु मदनरत्न मानन्धरजुं थुगु कार्यपत्रया शिर्षक व पत्र भतीचा मेल मन:गु खनेदु व थ्व कार्यपत्र अनुसन्धात्मक कार्यपत्र धायलो धका टिप्पणी यानादिल । मयूजु अमीर कुमारी शाक्यया कार्यपत्रया टिप्पणीकार सोभितरत्न तुलाधर ख: ।

थुगु कार्यक्रमया मू पाहाँ श्रद्धेय भिक्षु अश्वघोष महास्थविरजुं धर्मदेशना यानाकथं धयाबिज्यातकि थ्व प्रव्रज्या ज्वीगु छगू न्हूगु संस्कृति ख: नापं धर्म प्रचारनं थुकिया उद्देश्य ख: । भिक्षुणी कमला गुरुमां पाखें उपदेश व अल्पकालिन प्रव्रज्या शिविर संचालकपिन्त दुग्यंगु सुझाव बिया बिज्यात । अथेहे सुझाव बीगु झोलय् विद्यारत्न तुलाधर (सुविद्याया अबुजु), नगदेश बौद्ध समुहया सचिव कृष्णकुमार प्रजापति व मचाकाजी महर्जनपिं पाखें नं सुझाव न्ह्येब्वया दीगु जुल ।

करीव स्वघौ तक्क न्ह्या:गु थ्व कार्यक्रमया अन्तय् भिक्षुणी धम्मवती गुरुमां पाखें सभापति मन्तव्य धुंका: थ्व कार्यक्रमया संयोजक भाजु श्यामलाल चित्रकार जुं सकल सहभागीपिन्त सुभाय् वी धुंका: कमला गुरुमां पाखें व सकल उपासक उपासिकापाखें पुण्यानुमोदन यासें ज्या इव: क्वचा:गु जुल ।

थुगु कार्यक्रमया आम्दानी खर्चया विवरण थुकथं दु–
आम्दानी रु. ७,८०१/–
(धर्मकीर्ति विहार कँहे पुच: – रु. २,६००/–
धर्मकीर्ति अ.गो.सदस्य – रु. ५,१६०/–)

*(स्रोत: संयोजक श्यामलाल चित्रकार)*

## धर्मचक्र दिवस

दी शाक्य फाउण्डेशन नेपालया आयोजनाय् धर्मचक्र प्रवर्तन दिवसया लसताय्, सुलक्षणकीर्ति विहारं जूगु "थौंया जनजीवनये बुद्ध धर्मया महत्त्वया विषयस छलफल ज्याझ्वो व शुभ एजुकेशनल तथा रिसर्च सेन्टर" पाखें संचालन यागु "प्रि-प्राइमरी महिला टिचर्स ज्वाईफूल लर्निङ्ग" विषयस तालिमय् उत्तीर्ण प्रशिक्षार्थीपिन्त प्रमाण पत्र वितरण यायेगु ज्या थ्वहे आषाढ २७ गते शनिवार कुन्हु क्वचागु जुल । डा. अनोजा गुरूमां या मूँ पाहाँ सुई जूगु व देव काजी शाक्यया नाय: सुई जूगु ख: । प्रशिक्षार्थी पाखें लसकुस म्ये हाला व फाउण्डेशनया छ्यान्जेय् अमीर मान शाक्य पाखें लसकुस न्वचू विया: सुरू जुगु उगु ज्याझ्व: सं थौंया जनजीवनय् बुद्ध धर्मया महत्वया विषयले फाउण्डेशनया दां भरी राजकाजी शाक्यं पत्र प्रस्तुत याना दिलसा थुगु विषयले विस्तृत कथं डा. अनोजा गुरूमां, सल्लाहकार डा.बज्रराज शाक्य व देव काजी शाक्य पिन्स कना दिल । थुगु ज्याझ्वो सिधयवं तालिम सफल याना दिपिं प्रशिक्षार्थी पिन्त प्रमाण पत्र विईगु ज्याझ्व: न्हयाकूगु ख: उगु ज्याझ्व:ले सफल जुपी २३ म्ह शाक्य मिसापिन्त त्रि.वि. सिरिडया प्रो.डा. हृदय रत्न वज्राचार्य पाखें प्रमाणपत्र वितरण याना दिल सा शाक्य फाउण्डेशनया नाय: देव काजी शाक्य पाखें प्रशिक्षक सुमन शाक्ययात लोगो व प्रशंसा पत्र प्रदान याना दिल । अथेहे प्रशिक्षार्थी पाखें नं उपहार स्वरूप स्वयम्भूया मूर्तिलल्हात । उगु हे ज्याझ्वोले दकले बाँलाक शैक्षिक सामग्री प्रस्तुत यागुली न्हाप, ल्यू व लिंया ल्यूँ जुगुलिं आई. ग्रुप या अनिता फेशग्रुपया तारा शाक्य व ह्याण्ड ग्रुपया अमीतो शाक्य पिन्त सरस्वतिया मुर्ति देवकाजी शाक्य पाखें लल्हाना दिल । उगु ज्याझ्वले तालिम सम्बन्धि डा. हृदय रत्न वज्राचार्य, सुमन शाक्य व प्रशिक्षार्थी पाखें माधुरी शाक्य, रेणु बुद्धाचार्य व रोमीला शाक्य पिन्सं न्ववाना दिल । थुगु ज्याझ्वो: जनक नेवा शाक्यं न्हयाका दिगु ख: ।

## युवक बौद्ध मण्डलया निर्वाचन

वंगु २०६६ श्रावण १७ गते शनिवार थुगु संस्थाया ३९ क्व:गु दँ मुंज्या त:जिक क्वचाल । उगु दँ मुंज्या मू पाहाँ वरिष्ठ सल्लाहकार बेखारत्न शाक्यजुया मू पाहाँ सुइ त्रिपिटकाचार्य महास्थविर भिक्षु कुमार काश्यप जुं शील प्रार्थना याका विज्यात । प्रथम उपाध्यक्ष सुरेन्द्र शाक्यं लसकुस यागु उगु मुंज्या द्वितीय उपाध्यक्ष हेरारत्न शाक्य जु भिक्षु गण, पाहाँ, मूपाहाँपिन्त खाता गाँ क्वखायका हना दिल । संस्थाया नायो सानुराजा शाक्यया सभापतित्वय जूगु मुंज्याय् महासचिव राजेश शाक्यं २०६५ सालया प्रतिवेदन न्यंकूगु ख:सा ल्या: चाया प्रतिवेदन दांभरी भाजु हेम रत्नं न्यंका विज्यात । निर्वाचन अधिकृत तेजमुनि वज्राचार्य जुं २१ क्व:गु ज्यासना पुच:या उम्मेदवार पिं म्हसिका दिल । नापं सकसितं ल्यज्याय् ब्वतिक्या दीत इनाप याना दिल । पाहाँ कथं सल्लाहकार भाजु पूर्व सांसद कृष्णलाल जुं देश बहु धार्मिक मतावलम्बितेगु ख: । फुक्क धर्मयापिं याउँक च्वनेत देशय् "धर्मनिरपेक्षता" यात राज्यं बाँलाक परिचालन याना: शान्ति सुव्यवस्था न्यंकेमा: धैदिल । मु पाहाँ पूर्व मेयर बेखारत्न शाक्यं युवातेत संगठित याना युवक बौद्ध मण्डलं ल्यायम्ह तेत सुसंस्कृत पिं दक्षपिं याना यंयकि धैगु भलसा क्या दिल । अन्ते न्हापांगु मुंज्याय् उपस्थित पाहाँपिं दुज:पिं सकसित सुभाय् देछाना थ:गु नुग: खँ तया नायो जुं मुंज्या क्वचाय्कादील । अन्ते पुण्यानु मोदन ज्वी धुंका: सकसितं भोजन जुइ धुंका निर्वाचन ज्याझ्व: न्हयात । निर्वाचनया दथ्यी हे बन्द सत्रया मूंज्या न्हयात । छ्यान्जे व दांभरी या प्रतिवेदनय् पूर्व अध्यक्ष हेमवहादुर शाक्य व चन्द्रमान शाक्य जुं पिनिसं छुं छुं मगा: मचागु सुधार ज्वीमागु कुलांदिसे शनिवार धर्म प्रवचन गुगु हालतं नं दिके मज्यू धैगु सुभाव वियादिल । अन्ते मुंज्या नायो सानुराजा शाक्य जुं थुगुसि १२ भिंनिदँ न्हयनिसें ता:तुना तैगु स्कूल स्थापना याय् खंगु थुकियात सकसितं ग्वाहाली याना न्हयाका यंके मागु खँ कना: मुंज्या क्वचायका दिल । चार वजे तक ल्यज्या जुया: मत ल्या:खाना: व:गु परिणाम निर्वाचन अधिकृत भाजु तेजमुनि वज्राचार्य न्यंका विज्यात ।

## सहलह मुँज्या

नेपाल राष्ट्रिय ज्ञानमाला समिति ज्ञानमाला राष्ट्रिय एकता व सहमति जुतय् याना: उद्देश्य पूर्तिया लागि न्ह्यचिलेत राष्ट्र ब्यापि रूपं थीथी ज्ञानमाला संघ संस्थानाप सहलह मुंज्या याय्गु क्व:छिना कथं न्हापांगु खुसी कीर्तिपुर भेगया न्ह्यगु ज्ञानमाला नाप नगर मण्डप श्री कीर्तिविहार ज्ञानमाला संघया व्यवस्थापनय् सहलह मुंज्या या:गु दु ।

राष्ट्रिय ज्ञानमाला समितिया अध्यक्षतायु जूगु उगु कार्यक्रमे समितिया अध्यक्ष सुवर्ण शाक्य पाखें उद्देश्य व लक्षयात क्या: ज्ञानमालाया भावी कार्यक्रमयात न्ह्यब्वया दिलसा सहभागी थी थी ज्ञानमाला संघ पाखें न्ह्यस:या नं लिस: प्रस्तुत जूगु जुल । महासचिव अमीर मान शाक्यं न्ह्याकूगु थुगु ज्याझ्वलय् राष्ट्रिय ज्ञानमाला समितिया प्रमुख सल्लाहकार शान्तरत्न शाक्य व समितिया दुज: एवं नगर मण्डप श्री कीर्ति विहारया सचिव श्रीकृष्ण महर्जन व बखत बहादुर महर्जन पाखें ज्ञानमालाय् वै च्वंगु विकृति हतय् याय्त सामुहिक प्रयास यायेमा:गु खँ न्ह्यथना दिल । थ:गु मंतुना प्वंकूगु ईलय् भिक्षु पञ्ञा कीर्ति सहित समितिया कार्य समितिया पदाधिकारी त नं समुपस्थिति जूगु दु ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १६२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: [illegible] व्यापारिक कार्यालय: [illegible], काठमाडौं । फोन: [illegible]

Downloaded from http://www.dhamma.digital